विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# विधान

२०४९

(प्रथम विधान महाधिवेशन, २०७८ को संशोधन सहित)

विश्वका श्रमिक एक होऔं !

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# विधान

२०४९

(प्रथम विधान महाधिवेशन, २०७८ को संशोधन सहित)

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)

## प्रथम विधान महाधिवेशन

२०७८ असोज १५-१७, गोदावरी, ललितपुर

---


| | | |
|---|---|---|
| पुस्तकको नाम | : | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधान- २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ को संशोधन सहित) |
| प्रकाशक | : | नेकपा (एमाले), केन्द्रीय कार्यालय |
| मुद्रित प्रति | : | १० हजार |
| प्रकाशन मिति | : | १ कार्तिक २०७८ |
| मूल्य | : | रु.४५/- |
| ले-आउट डिजाइन तथा मुद्रण व्यवस्थापन | : | एम एस माउस, बागबजार |

# विषयसूची


| | | |
|---|---|---|
| प्रस्तावना | | ५ |
| अध्याय – एक | नाम, झण्डा, प्रतीक चिन्ह र परिभाषा | ७ |
| अध्याय – दुई | सदस्यता | १० |
| अध्याय – तीन | केन्द्रीय निकाय | १६ |
| अध्याय – चार | पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू | ३० |
| अध्याय – पाँच | निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति | ५९ |
| अध्याय – छ | विशेष महाधिवेशन, अधिवेशन र बैठक | ६६ |
| अध्याय – सात | सङ्घीय संसदीय दल, प्रदेशसभा संसदीय दल र पालिकासभा दल | ६८ |
| अध्याय – आठ | लोकतान्त्रिक विधिको अवलम्बन र अनुशासनको पालना | ७० |
| अध्याय – नौ | पार्टी कोष र सम्पत्तिको व्यवस्था | ७५ |
| अध्याय – दश | विविध | ७७ |
| अनुसूची – १ | झण्डा | ८२ |
| अनुसूची – २ | प्रतीक चिन्ह | ८२ |
| अनुसूची – ३ | सदस्यले लिने शपथग्रहणको व्यहोरा | ८३ |
| अनुसूची – ४ | पद वहाली गर्दा लिने शपथग्रहणको व्यहोरा | ८४ |

# प्रस्तावना

नेपाली समाजमा विद्यमान शोषण, गरिबी, अभाव, पछौटेपन र विभेद अन्त्य गर्ने; नेपाल राष्ट्रलाई सुरक्षित, सुदृढ, विकसित, आधुनिक, शान्तिपूर्ण, समृद्ध र सुविधासम्पन्न बनाउने; सुशासन र न्यायपूर्ण सामाजिक प्रबन्ध स्थापित गर्ने; लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने र नेपाली जनता तथा समस्त मानव जातिको बृहतर हित र सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले २००६ साल वैशाख १० (तदनुसार २२ अप्रिल १९४९) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो ।

नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र हितको रक्षा, जनतामा निहीत सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणालीका लागि सञ्चालित सामन्तवाद-साम्राज्यवादविरोधी सङ्घर्षका क्रममा विकसित हुँदै र फुट, विभाजन तथा एकताका अनेक उतार-चढाव एवं अनुभवहरू प्राप्त गर्दै अघि बढ्नेक्रममा यो पार्टी आज नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को रुपमा स्थापित छ ।

यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो । नेपाली समाजमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीयलगायत सबै प्रकारका समस्याहरूको पहिचान र तिनको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै अघि बढ्नेक्रममा जननेता मदन भण्डारीको अगुवाइमा 'जनताको बहुदलीय जनवाद' विकसित भएको हो । यस नवीनतम् वैज्ञानिक सिद्धान्तले हामीलाई हाम्रा सम्पूर्ण कामहरूमा समाजवाद स्थापना र कार्यान्वयनको चरणसम्म पनि मार्गदर्शन गरिरहने छ ।

यो पार्टी नेपाली सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्था हो । यसले शारीरिक तथा मानसिक श्रम गर्ने श्रमिक, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपतिका साथै सम्पूर्ण जाति, भाषा, संस्कृति, भूगोल, पेशा र समुदायका जनताको हितको प्रतिनिधित्व गर्दछ । यस पार्टीको नेतृत्वदायी र निर्णायक भूमिकामा सामन्ती राजतन्त्रको अन्त्य र धर्मनिरपेक्ष तथा समावेशीतासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । यस पार्टीको अधिकतम् कार्यक्रम समाजवाद हो । यो पार्टी संविधानसभाबाट निर्माण भएको संविधानको रक्षा, प्रयोग र विकास गर्न; संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न; सामन्तवादका अवशेषहरूलाई अन्त्य गर्न; दलाल-नोकरशाही पुँजीवादी शोषण उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्न; राष्ट्रिय पुँजीको विकासका साथै सामाजिक न्याय र समानतामा आधारित सामाजिक-आर्थिक रूपान्तरण गर्न; जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्न र समाजवाद स्थापना गर्न प्रतिबद्ध छ । यो पार्टी समाजवाद विकसित हुँदै जाँदा मानव समाज साम्यवादसम्म पुग्नेछ भन्ने विश्वास गर्दछ ।

यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जनताका प्रतिनिधिद्वारा शासन प्रणालीको सञ्चालन, स्वतन्त्र न्यायपालिका र मानवअधिकारको प्रत्याभूतिलगायत लोकतन्त्रका विश्वव्यापी मूल्य-मान्यताप्रति प्रतिबद्ध छ । नेपाली समाजमा दिगो शान्ति र सामाजिक आर्थिक क्षेत्रमा प्रगतिशील रूपान्तरणका लागि शान्तिपूर्ण बाटो र लोकतान्त्रिक विधि अवलम्बन गर्न प्रतिबद्ध छ ।

यस पार्टीका सबै सदस्यहरू समान छन् । पार्टीको सार्वभौम अधिकार सदस्यहरूमा निहीत रहनेछ । यसको प्रयोग विधानअनुसार हुनेछ । यो जनआधारित कार्यकर्ता पार्टी हो । पार्टी निर्माण र संचालनमा लोकतान्त्रिक पद्धती अवलम्बन गरिनेछ । यस पार्टीले जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त अवलम्बन गर्नेछ र स्वतन्त्रता र अनुशासनबीच सन्तुलन कायम गर्नेछ ।

पार्टी सदस्यले पार्टीको उद्देश्य र आर्दशअनुरुप विचार, सङ्गठन, सङ्घर्ष र उत्पादनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नेछन् । आम जनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै जनसरोकारका विषयमा सक्रिय हुनेछन् । सादा एवं नैतिक जीवन र कठोर संघर्षको आदर्शलाई अनुशरण गर्नेछन् । 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाँक्षा पुरा गर्न समाजमा विद्यमान सबै प्रकारका अन्याय, अत्याचार र विभेदको समाप्ती तथा न्याय, स्वतन्त्रता, समानता, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा योगदान गर्नेछन् । निःस्वार्थ भावका साथ देश, जनता र पार्टीको सेवामा समर्पित हुनेछन् । दक्षिणपन्थी तथा उग्रवामपन्थी अवसरवाद र अराजकता तथा सङ्कीर्णताका विरुद्ध जुझ्नेछन् र जनतामा पार्टीका नीति, विचार स्थापित गर्नेछन् । पार्टीलाई जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र अग्रगामी राजनीतिक शक्तिको भूमिकामा स्थापित गर्न र पार्टीको एकता तथा अग्रगती सुनिश्चित गर्न समर्पित हुनेछन् ।

पार्टीका उल्लेखित उद्देश्य र आदर्श कार्यान्वयन गर्न तथा पार्टीलाई व्यवस्थित रुपमा सुसञ्चालन गर्न २०७८ असोज १५-१७ मा सम्पन्न प्रथम विधान महाधिवेशनबाट नेकपा (एमाले) को विधान, २०४९ मा आवश्यक संशोधन गरी यो विधान जारी गरिएको छ ।

## अध्याय - एक

## नाम, झण्डा, प्रतीक चिन्ह र परिभाषा

**धारा-१ नाम**

१. यस पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) रहनेछ । संक्षिप्तमा यसलाई नेकपा (एमाले) भनिनेछ । अंग्रेजीमा Communist Party of Nepal (Unified Marxist-Leninist) र सङ्क्षिप्तमा CPN (UML) भनिनेछ ।

२. यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

**धारा–२ पार्टीको झण्डा र प्रतीक चिन्ह**

१. पार्टीको झण्डा अनुसूची- १ बमोजिम हुनेछ ।

२. पार्टीको प्रतीक चिन्ह अनुसूची- २ बमोजिम हुनेछ ।

**धारा–३ परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

१. 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) लाई बुझाउनेछ ।

२. 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान, २०४९ (प्रथम विधान महाधिवशेन, २०७८ को संशोधनसहित) लाई बुझाउनेछ ।

३. 'श्रमजीवी वर्ग' भन्नाले शारीरिक र मानसिक श्रम गर्ने श्रमिकलाई बुझाउनेछ ।

४. 'पार्टी सदस्य' भन्नाले यस विधानको धारा- ४ बमोजिमको सदस्यलाई बुझाउनेछ ।

५. 'महाधिवेशन' भन्नाले यस विधानबमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र विशेष महाधिवेशन समेतलाई बुझाउनेछ ।

६. 'कमिटी' भन्नाले विधानबमोजिम गठित केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी, पालिका/इलाका कमिटी, वडा/शाखा कमिटी, टोल/प्रारम्भिक कमिटी र सबै तहका विशेष कमिटी, संगठन कमिटी तथा समन्वय कमिटी समेतलाई बुझाउनेछ ।

७. 'पदाधिकारी' भन्नाले केन्द्रीय कमिटीका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिवलाई बुझाउनेछ । केन्द्रीय कमिटी मातहतका सबै कमिटीको हकमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उप-सचिव, समन्वय कमिटीको

हकमा संयोजक, सहसंयोजक र सचिवलाई बुझाउनेछ । केन्द्रीय आयोगहरू र सल्लाहकार परिषद्को हकमा अध्यक्ष, उपाध्यक्ष र सचिवलाई बुझाउनेछ ।

८. 'केन्द्रीय निकाय' भन्नाले राष्ट्रिय महाधिवेशन, केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद् समेतलाई बुझाउनेछ ।

९. 'प्रदेश कमिटी' भन्नाले प्रदेश तहमा गठन हुने कमिटीलाई बुझाउनेछ। सो शब्दले काठमाडौँ उपत्यकामा गठन हुने विशेष कमिटी र सम्पर्क समन्वय कमिटीलाई समेत बुझाउनेछ ।

१०. 'जिल्ला कमिटी' भन्नाले भौगोलिक जिल्लामा गठन हुने जिल्ला कमिटीलाई बुझाउनेछ । सो शब्दले काठमाडौँ उपत्यकामा तोकेबमोजिम गठन हुने विशेष जिल्ला कमिटी समेतलाई बुझाउनेछ ।

११. 'प्रदेश तथा स्थानीय कमिटी' भन्नाले केन्द्रीय कमिटी मातहत गठन गरिएका प्रदेश कमिटी/ उपत्यका विशेष कमिटी/सम्पर्क समन्वय कमिटी, जिल्ला कमिटी/विशेष जिल्ला कमिटी, पालिका कमिटी/इलाका कमिटी, वडा कमिटी/शाखा कमिटी, टोल कमिटी/प्रारम्भिक कमिटी तथा विधानबमोजिम गठन हुने अन्य कमिटी समेतलाई बुझाउनेछ। प्रदेश तथा स्थानीय कमिटीलाई यस विधानमा मातहत कमिटी भनी उल्लेख गर्न सकिनेछ ।

१२. 'प्रतिनिधि परिषद्' भन्नाले विधानबमोजिम गठन हुने राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, प्रदेश अधिवेशन प्रतिनिधि परिषद्, जिल्ला अधिवेशन प्रतिनिधि परिषद्, पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्, वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्, टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद् र प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद समेतलाई बुझाउनेछ ।

१३. 'जनसंगठन समन्वय संयन्त्र' भन्नाले पार्टीको नीतिगत मार्गदर्शनमा संचालन हुने तोकिए बमोजिमका जनसंगठनहरूको समन्वय संयन्त्रलाई बुझाउनेछ ।

१४. 'संसदीय दल' भन्नाले विधानबमोजिम गठन हुने नेकपा (एमाले)को सङ्घीय संसदीय दललाई बुझाउनेछ र सो शब्दले प्रदेशसभा संसदीय दललाई समेत बुझाउनेछ ।

१५. 'पालिकासभा दल' भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकामा पार्टीको चुनाव चिन्हबाट निर्वाचित, मनोनित तथा पार्टीमा प्रवेश गरेका अन्य जनप्रतिनिधिहरू रहेको पालिकासभा दललाई बुझाउनेछ ।

१६. 'संयन्त्र' भन्नाले सरोकारवाला संघ, संगठनमा कार्यरत पार्टी सदस्यहरू सम्मिलित संयन्त्रलाई बुझाउनेछ ।

१७. 'कोष' भन्नाले सम्बन्धित तहको पार्टी कमिटीको निर्णय अनुसार स्थापना गरिएको पार्टी कोषलाई बुझाउनेछ ।

१८. 'तोकिए बमोजिम' भन्नाले केन्द्रीय कमिटीले तर्जूमा गर्ने नियमावली, विनियम, आचारसंहितामा तोकिएको विषयलाई बुझाउनेछ । सो शब्दले अन्तरपार्टी निर्देशन समेतलाई बुझाउनेछ ।

## अध्याय – दुई
## सदस्यता

### धारा–४ पार्टी सदस्य

मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको र देहायको योग्यता भएको नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछ :

१. १८ वर्ष उमेर पुरा भएको ।

२. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको ।

३. मानसिक सन्तुलन नगुमेको ।

४ नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको ६ महिनाभन्दा बढी अवधि पुरा गरेको ।

५. पार्टीद्वारा आयोजित कार्यक्रमहरूमा सहभागी भएको वा जनवर्गीय संगठन वा सम्पर्क मञ्चको सदस्यता प्राप्त गरी कम्तीमा एक वर्षको अवधि पुरा गरेको ।

**धारा–५ पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया**

पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :

१. धारा- ४ बमोजिम पार्टी सदस्य बन्न योग्यता पुगेको व्यक्तिले तोकिएको ढाँचामा दुईजना पार्टी सदस्यको सिफारिससहित वडा/शाखा कमिटीमार्फत् पालिका/इलाका कमिटीमा आवेदन दिने ।

२. पालिका/इलाका कमिटीले त्यस्तो आवेदनउपर आवश्यक छानवीन गरी सिफारिससहित जिल्ला कमिटीमा पठाउने ।

३. जिल्ला कमिटीले छानवीन गरी योग्यता पुगेको आवेदकलाई सदस्यता प्रदान गर्ने र उक्त निर्णय अनुमोदनका लागि सिफारिससहित प्रदेश कमिटीमा पठाउने ।

४. प्रदेश कमिटीले आवश्यक प्रक्रिया पुरा गरी अनुमोदन गर्ने र सदस्यता नम्बर प्रदान गर्न केन्द्रीय सङ्गठन विभागमा पठाउने।

५. केन्द्रीय सङ्गठन विभागले सदस्यता नम्बर प्रदान गरी अभिलेख राख्ने र प्रदेश कमिटीमार्फत् सबै तहका सम्बन्धित कमिटीमा पठाउने ।

६. सदस्यता नम्बर प्राप्त गरी अनुसूची- ३ को ढाँचामा शपथग्रहण गरेपछि पार्टी सदस्यता प्राप्त गरेको मानिनेछ ।

७. सदस्यता सम्बन्धी विवाद उत्पन्न भएमा वा मापदण्ड पुरा भएको व्यक्तिले उपरोक्त बमोजिम आवेदन गर्दा सदस्यता प्राप्त गर्न नसकेमा विवरण खुलाई प्रदेश कमिटीमा निवेदन दिन सक्नेछ र प्रदेश कमिटीले त्यसउपर निर्णय दिनेछ ।

८. राष्ट्रिय महाधिवेशनको मिति तोकिएपछि सदस्यता वितरण र स्थानान्तरण हुनेछैन । प्रदेश र स्थानीय कमिटीको अधिवेशनको मिति तोकिएपछि सम्बन्धित क्षेत्रभित्र नयाँ सदस्यता वितरण र स्थानान्तरण हुनेछैन ।

## धारा–६ पार्टी सदस्यको परिक्षणकालीन अवधि र दायित्व

पार्टी सदस्यको परिक्षणकालीन अवधि र दायित्व देहायबमोजिम हुनेछ :

१. पार्टी सदस्यता प्राप्त गरेको मितिले ६ महिनासम्म परीक्षणकालमा रहेको मानिनेछ र सो अवधिमा परिक्षणकालीन दायित्व पुरा गरेमा त्यस्तो व्यक्ति स्वतः पार्टी सदस्य हुनेछ ।

२. पार्टी सदस्यको परिक्षणकालीन दायित्व देहायबमोजिम हुनेछ :

क. सम्बन्धित कमिटीले तोकेको सङ्गठनमा सङ्गठित भइ काम गर्ने,
ख. पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिको अध्ययन गर्ने,
ग. पार्टीले सञ्चालन गरेको प्रशिक्षण कक्षामा सामेल हुने ।

## धारा–७ पार्टी सदस्यको अधिकार र कर्तव्य

पार्टी सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. पार्टी कमिटी वा निकाय वा विभाग वा जनसङ्गठन वा मञ्च वा तोकिएका संयन्त्रमा सङ्गठित भइ काम गर्ने ।

२. पार्टी सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको कार्यान्वयन गर्ने ।

३. तोकिएबमोजिम बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित कमिटीमा आफ्नो मत जाहेर गर्ने ।

४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको अनुशरण गर्ने, सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पुरा गर्ने, पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सहभागी हुने ।

५. पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठाको पक्षमा क्रियाशील रहने, पार्टीप्रति सदैव इमान्दार रहने र पार्टी अनुशासन पालना गर्ने ।

६. आवश्यकता अनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने ।

७. उत्पादनशील काम, विकास निर्माण र जनसरोकारका विषयहरूमा सक्रिय रहने ।

८. तोकिएबमोजिम सदस्यता शुल्क र लेबी बुझाउने तथा सदस्यता नवीकरण गर्ने ।

## धारा–८ पार्टी सदस्यताको समाप्ति र पुन प्राप्ति

१. देहायको अवस्थामा पार्टी सदस्यता समाप्त हुनेछ :

क. स्वेच्छाले सदस्यता परित्याग गरेमा,
ख. पार्टीबाट अनुशासनात्मक कारबाहीमा परी सदस्यबाट निष्कासित भएमा,
ग. नेपाली नागरिकता परित्याग गरेमा,
घ. समयमा सदस्यता नवीकरण नगरेमा,
ङ. मृत्यु भएमा ।

२. नवीकरण नभएको कारण सदस्यता गुमेको व्यक्तिले तोकिएबमोजिम पुनः नवीकरण गरेमा निजको सदस्यता कायम हुनेछ ।

३. स्वेच्छाले सदस्यता परित्याग गरेको व्यक्तिले पुनः सदस्यता लिन चाहेमा शुरु प्रक्रिया पुरा गरी सदस्यता लिन सक्नेछ ।

४. परिक्षणकालीन अवस्थामा सदस्यता समाप्त भएको व्यक्तिले पुनः सदस्यता लिन चाहेमा शुरु प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

५. सम्बन्धित कमिटीले कारबाही फिर्ता लिएको वा कारबाहीको स्वरुप परिवर्तन गरेकोमा बाहेक अनुशासनको कारबाहीमा परी पार्टी सदस्यबाट निष्कासित व्यक्तिले तोकिएको शर्त पुरा गरी लगातार एक वर्ष पार्टीको पक्षमा क्रियाशील रहेमा सदस्यताका लागि आवेदन दिन सक्नेछ ।

६. सदस्यता समाप्ती र पुनः प्राप्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा–९ सदस्यता कायम हुने**

१. नेपाल कम्युनिष्ट पार्टीको कुनै समूहमा सदस्यता प्राप्त गरेको व्यक्तिले आफ्नो समूह परित्याग गरी पार्टी प्रवेश गरेमा निजको सदस्यता कायम हुनेछ ।

२. शारीरिक अवस्था कमजोर भएको र राजनीतिक वा झुट्ठा मुद्दामा जेल परेको सदस्य पार्टीप्रति निष्ठावान् र आस्थावान् रहँदासम्म निजको सदस्यता कायम रहनेछ ।

३. पार्टीले विशेष काममा खटाएको सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सदस्यता कायम रहनेछ ।

**धारा–१० केन्द्रीय कमिटीले सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्नसक्ने**

केन्द्रीय कमिटीले देहायबमोजिम सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ :

१. गैरकम्युनिष्ट पार्टीबाट प्रवेश गरेका वा लोकतान्त्रिक तथा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका प्रतिष्ठित व्यक्तिलाई पार्टी सदस्यता प्रदान गर्न र जिम्मेवारी तोक्न सक्नेछ ।

२. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका निर्वाह गरेका वा जनता र राष्ट्रको पक्षमा विशेष योगदान गरेका व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

३. कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलन वा जनता र राष्ट्र पक्षमा विशिष्ट योगदान गरेको व्यक्तिलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

**धारा–११ सदस्यताको अभिलेख र नवीकरण**

सदस्यताको अभिलेख र नवीकरण देहायबमोजिम हुनेछ :

१. पार्टी सदस्यको अभिलेख केन्द्रीय संगठन विभागमा राखिनेछ ।

२. मातहत कमिटीले आ-आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यको अभिलेख राख्नेछन् ।

३. पार्टी सदस्यताको नवीकरण तोकिएबमोजिमको समयमा तोकिएबमोजिमको शुल्क र लेबी तिरी प्रत्येक वर्ष गर्नुपर्नेछ । पार्टी सदस्यता नवीकरण नगरेको व्यक्तिको सदस्यता स्वतः समाप्त हुनेछ ।

४. पार्टी सदस्यता नवीकरण सम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

## अध्याय – तीन
# केन्द्रीय निकाय

### धारा–१२ पार्टीका केन्द्रीय निकाय

पार्टीका केन्द्रीय निकाय देहायबमोजिम हुनेछन् :

१. राष्ट्रिय महाधिवेशन/विधान महाधिवेशन
२. केन्द्रीय कमिटी,
३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्,
४. केन्द्रीय अनुशासन आयोग,
५. केन्द्रीय लेखा आयोग,
६. केन्द्रीय निर्वाचन आयोग,
७. केन्द्रीय सल्लाहकार परिषद् ।

### धारा–१३ राष्ट्रिय महाधिवेशन

१. राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ र यसको आयोजना केन्द्रीय कमिटीले सामान्यतया हरेक पाँच वर्षमा गर्नेछ ।

२. राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहायबमोजिम हुनेछन् :

क. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरू,

ख. सल्लाहकार परिषदका पदाधिकारी समेत सदस्यहरू मध्येबाट निर्वाचित १५ जना प्रतिनिधिहरु,

स्पष्टीकरण : निर्वाचित प्रतिनिधिबाहेक सल्लाहकार परिषदका अन्य सदस्यहरू राष्ट्रिय महाधिवेशनमा सहभागी हुनेछन् । तर उनीहरूलाई मताधिकार हुनेछैन ।

ग. तोकिएबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

घ. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

## धारा–१४ राष्ट्रिय महाधिवेशनको अधिकार र कर्तव्य

राष्ट्रिय महाधिवेशनको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने,

२. केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने,

३. केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने,

४. केन्द्रीय कमिटीले आवश्यक ठानी राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने ।

## धारा–१५ विधान महाधिवेशन

१. केन्द्रीय कमिटीले दुई राष्ट्रिय महाधिवेशनको बीचमा विधान महाधिवेशन आयोजना गर्नेछ ।

२. राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू नै विधान महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

३. विधान महाधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

   क. विधान महाधिवेशन सञ्चालन गर्न आवश्यक संरचना गठन गर्ने,

   ख. केन्द्रीय कमिटीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव माथि छलफल गरी पारित गर्ने,

   ग. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने,

   घ. केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने ।

## धारा–१६ केन्द्रीय कमिटी

१. केन्द्रीय कमिटी दुई महाधिवेशनबीचको अवधिमा पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ । यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

२. राष्ट्रिय महाधिवेशनले अध्यक्ष- १, बरिष्ठ उपाध्यक्ष- १, उपाध्यक्ष- ४, महासचिव- १, उपमहासचिव- १, सचिव- ७ समेत २२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचन गर्नेछ । प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन् ।

३. केन्द्रीय कमिटीको निर्वाचनमा कम्तीमा एकतिहाई महिलासहित नेपालको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ ।

४. राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटन हुनेछ ।

५. पार्टीका निवर्तमान अध्यक्ष बरिष्ठ नेता हुनेछन् । महाधिवेशनले अन्यथा निर्धारण गरेकोमा बाहेक निजको मर्यादाक्रम अध्यक्षपछि रहनेछ ।

## धारा–१७ केन्द्रीय कमिटीका अधिकार र कर्तव्य

केन्द्रीय कमिटीको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. **समग्र पार्टीको नेतृत्व** : समग्र पार्टीको नेतृत्व गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण र नीति तय गर्ने, राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने, नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : केन्द्रीय कमिटीका सदस्यहरू मध्येबाट पदाधिकारीसहित बढीमा ४५ सदस्यीय स्थायी

कमिटीको निर्वाचन गर्ने, अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहेको केन्द्रीय सचिवालय गठन गर्ने, महासचिवको नेतृत्वमा उपमहाचिव र सचिवहरू सदस्य रहेको केन्द्रीय कार्यालय गठन गर्ने, तोकिएबमोजिमका केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने र तिनको अधिकार तथा कर्तव्य तोक्ने, विधानबमोजिम आवश्यकता अनुसार मनोनयन गर्ने ।

३. **आमनिर्वाचन र सरकारसँगको सम्बन्ध** : तीनै तहका सरकार तथा संघीय संसद, प्रदेशसभा र स्थानीय तह सञ्चालनसम्बन्धी नीति निर्माण गर्ने र ती निकायमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने । संघीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा नेतृत्व प्रदान गर्ने । मुलुकको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने ।

४. **संगठन निर्माण, परिचालन, अनुगमन र निर्देशन** : नेपाली जनतालाई पार्टी वरिपरि गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, संगठित गर्ने र  परिचालन गर्ने । पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । प्रवास क्षेत्रको कामलाई समन्वय गर्न आवश्यक नीति, विधि र संयन्त्र निर्माण गर्ने ।

५. **महाधिवेशन र बैठकको आयोजना** : राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । विधानअनुरुप आफ्नो कमिटीको नियमित बैठकको आयोजना गर्ने, मातहत कमिटीको अनुगमन गर्ने र नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

६. **कार्यविभाजन र निर्णयको जानकारी** : केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने । केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयका निर्णयअनुरूप अन्तरपार्टी निर्देशन जारी गर्ने । आवश्यकता अनुसार पाठ्य तथा प्रचार सामाग्री तथा पुस्तक प्रकाशन गर्ने र प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

७. **स्रोत व्यवस्थापन** : मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

८. **अन्तर्राष्ट्रिय सम्बन्ध** : अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने ।

९. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने कमिटीलाई विधानबमोजिम विघटन गर्ने र सदस्यलाई कारबाही गर्ने । मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

१०. **विधानमा उल्लेखित अन्य कार्य** : यस विधानमा केन्द्रीय कमिटीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । अन्य कमिटीको अधिकार भनी नतोकिएको र प्रचलित कानूनमा पार्टीले गर्ने भनिएको सबै कार्य गर्ने ।

## धारा–१८ स्थायी कमिटीका अधिकार र कर्तव्य

स्थायी कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटीको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटीका निम्ति तोकिएका अधिकार र कर्तव्य पालना गर्ने,

२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने,

३. केन्द्रीय कमिटीले तोकेका अन्य कार्य गर्ने,

४. केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने ।

**धारा–१९ केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य**

केन्द्रीय सचिवालयका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा पार्टी दृष्टिकोण सार्वजनिक गर्ने ।

२. आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति स्थायी कमिटी वा केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने ।

३. केन्द्रीय कमिटी र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्ने/गराउने ।

४. केन्द्रीय कमिटी र स्थायी कमिटीबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने ।

५. केन्द्रीय कमिटी र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

**धारा–२० पदाधिकारी तथा सदस्यका अधिकार र कर्तव्य**

पदाधिकारीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. अध्यक्षका अधिकार र कर्तव्य :

क. प्रमुख नेता, प्रमुख प्रवक्ता तथा प्रमुख पदाधिकारीको हैसियतमा समग्र पार्टीको नेतृत्व गर्ने, वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने,

ख. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने,

ग. विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठकको अध्यक्षता गर्ने,

घ. केन्द्रीय कमिटी, स्थायी कमिटी तथा केन्द्रीय सचिवालयको बैठक बोलाउन निर्देशन दिने, आवश्यकता अनुसार केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

ङ. केन्द्रीय कमिटीको तर्फबाट राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्मा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

च. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

२. बरिष्ठ उपाध्यक्षका अधिकार र कर्तव्य :

क. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

ख. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्य गर्ने,

ग. अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

घ. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

३. उपाध्यक्षका अधिकार र कर्तव्य :

क. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

ख. अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,

ग. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका कार्य गर्ने ।

४. महासचिवका अधिकार र कर्तव्य :

क. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्बाट पारित नीति-निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, स्थायी कमिटी तथा केन्द्रीय सचिवालयसमक्ष प्रस्तुत गर्ने,

ख. अध्यक्षको परामर्शमा केन्द्रीय कमिटी, स्थायी कमिटी, केन्द्रीय सचिवालय र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

ग. आवश्यकता अनुसार केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने, केन्द्रीय कमिटीको तर्फबाट राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

घ. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयको बैठक सञ्चालन गर्ने र तिनका निर्णय कार्यान्वयन गर्ने/गराउने,

ङ. केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने,

च. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेको अन्य कार्य गर्ने ।

५. उपमहासचिवका अधिकार र कर्तव्य :

क. महासचिवको काममा आवश्यक सहयोग गर्ने,

ख. महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरू गर्ने,

ग. महासचिवले प्रत्यायोजन गरेका कार्य गर्ने,

घ. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका कार्यहरू गर्ने ।

६. सचिवका अधिकार र कर्तव्य :

क. महासचिवको काममा आवश्यक सहयोग गर्ने,
ख. महासचिवले प्रत्यायोजन गरेका कार्यहरू गर्ने,
ग. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

७. सदस्यका अधिकार र कर्तव्य :

क. केन्द्रीय कमिटी, स्थायी कमिटी र केन्द्रीय सचिवालयले तोकेका कार्य गर्ने,
ख. आफ्नो कार्यक्षेत्रमा केन्द्रीय कमिटीको प्रतिनिधिको हैसियतले कार्य गर्ने,
ग. पार्टीको नीति-निर्णयअनुरुप आफ्नो कार्यक्षेत्रमा पार्टीलाई विस्तार गर्ने, सुदृढ र एकताबद्ध बनाउने ।

**धारा-२१ केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य**

केन्द्रीय कार्यालयका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।

२. केन्द्रीय निकाय, केन्द्रीय विभाग, मातहत कमिटी, जनसंगठन, तीनै तहको सरकार, जनप्रतिनिधि संस्था, राज्यका विभिन्न निकाय र सामुदायिक एवं जनसरोकारका संस्थासँग सम्पर्क तथा समन्वय गर्ने ।

३. मातहत कमिटी र जनसंगठनको कामको प्रतिवेदन प्राप्त गर्ने, विश्लेषण गर्ने र अध्यक्षसमक्ष प्रस्तुत गर्ने ।

४. केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरूको व्यवस्थापन गर्ने ।

५. केन्द्रीय कमिटी र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

## धारा–२२ राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्

१. राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन् ।

२. धारा- १५ बमोजिमको विधान महाधिवेशनको हैसियतमा बाहेक राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा आवश्यकता अनुसार आयोजना गरिनेछ ।

## धारा–२३ राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य

राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यक निर्देशन दिने ।

३. यस विधानमा उल्लेख भएबमोजिम विधान महाधिवेशनको हैसियतमा काम गर्ने ।

## धारा–२४ केन्द्रीय अनुशासन आयोग

१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत १५ सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन हुनेछ ।

२. आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ ।

४. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

५. आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

क. पार्टीका केन्द्रीय निकायका पदाधिकारी र सदस्यहरूलगायत सबै तहका पार्टी कमिटी, कार्यकर्ता र सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित कमिटीलाई निर्देशन दिने,

ख. कुनै पनि तहका सदस्यको पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानवीन गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने,

ग. केन्द्रीय कमिटीबाट भएको अनुशासनको कारबाहीका सम्बन्धमा चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने सदस्य वा कमिटीको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि केन्द्रीय कमिटीमा लेखी पठाउने,

घ. अनुशासनको कारबाही र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय कमिटीलाई दिने,

ङ. पार्टीका तोकिएबमोजिमका कमिटीका सदस्य र जनप्रतिनिधिमूलक संस्था एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र आवश्यकताअनुसार छानविन गर्ने,

च. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

छ. आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने,

ज. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने ।

झ. आयोगले आफ्नो कार्य-सम्पादन नियमावली आफै बनाउने ।

**धारा–२५ केन्द्रीय लेखा आयोग**

१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १ र सचिव- १ समेत १५ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचन हुनेछ ।

२. आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ ।

४. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकायमा वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

५. आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

क. केन्द्रीय कमिटीको आय-व्ययको नियमित अनुगमन र वार्षिक रुपमा लेखापरीक्षण गर्ने,

ख. आवश्यकताअनुसार लेखापरीक्षक तथा विज्ञहरू नियुक्त गरी सुझावसहितको लेखापरीक्षण प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

ग. पार्टीका प्रदेश कमिटी, जिल्ला कमिटी र जनसङ्गठनका केन्द्रीय कमिटीको लेखापरीक्षण गर्ने ।

घ. आवश्यकता अनुसार पार्टीका अन्य स्थानीय कमिटीहरूको आय-व्ययको निरीक्षण गरी सुझावसहितको प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने,

ङ. लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी नियमावली बनाइ कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा पेश गर्ने,

च. केन्द्रीय कार्यालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

छ. आवश्यकता अनुसार लेखासम्बन्धी कामको सन्दर्भमा विभिन्न कमिटीका बैठक र कार्यक्रमहरूमा उपस्थित हुने,

ज. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

झ. आफ्नो कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि अनुशासनात्मक कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने,

ञ. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने,

ट. आयोगले आफ्नो कार्य-सम्पादन नियमावली आफै बनाउने ।

## धारा-२६ केन्द्रीय निर्वाचन आयोग

१. विधान महाधिवेशनबाट अध्यक्ष-१, उपाध्यक्ष- १ र सचिव- १ समेत १५ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन हुनेछ ।

२. आयोगका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. आयोग महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्प्रति उत्तरदायी रहनेछ ।

४. आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

५. आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

क. केन्द्रीय कमिटी र केन्द्रीय आयोगहरू (केन्द्रीय निर्वाचन आयोगबाहेक) को निर्वाचन गर्ने/गराउने,

ख. प्रदेश कमिटी र जिल्ला कमिटीका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गर्ने/गराउने,

ग. जिल्ला मातहतका कमिटीका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनसम्बन्धी कार्यको मार्गदर्शन र अनुगमन गर्ने ।

घ. पार्टीका जनसङ्गठनको निर्वाचनमा सहजीकरण गर्ने,

ङ. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने,

च. आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने,

छ. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने,

ज. पार्टीको निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने/गराउने, आफ्नो कार्य सञ्चालनका लागि आवश्यक नियम आफैं बनाउने ।

**धारा–२७ केन्द्रीय सल्लाहकार परिषद्**

१. केन्द्रीय कमिटीले आवश्यकता अनुसार सल्लाह-सुझाव लिन आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ । केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

२. सल्लाहकार परिषद्का अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १ र सदस्यहरूको मनोनयन केन्द्रीय कमिटीले गर्नेछ । यसका अध्यक्षको मर्यादा स्थायी कमिटी सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीको सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र स्थायी कमिटीको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

३. केन्द्रीय सल्लाहकार परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

क. सल्लाहकार परिषद्का अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

ख. आवश्यकता अनुसार केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह र सुझाव दिने,

ग. केन्द्रीय कमिटीले तोकेका अन्य कार्य गर्ने ।

## अध्याय – चार

## पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू

---

**धारा–२८ पार्टीका प्रदेश र स्थानीय कमिटीहरू**

सामान्यतया देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका प्रदेश तथा स्थानीय तहका कमिटीको नामाकरण गरिनेछ । काठमाडौं उपत्यकामा प्रदेशस्तरीय विशेष कमिटी, तोकिएबमोजिमका विशेष जिल्ला कमिटी, सो मातहतका

कमिटीहरू रहनेछन् । काठमाडौँ उपत्यकामा सम्पर्क समन्वय कमिटी र सो मातहतमा प्रदेश सम्पर्क कमिटी तथा जिल्ला सम्पर्क मञ्च रहनेछन् । पार्टीका प्रदेश तथा स्थानीय कमिटीको सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ ::

१. प्रदेश कमिटी,
२. प्रदेश अधिवेशन प्रतिनिधि परिषद्,
३. जिल्ला कमिटी,
४. जिल्ला अधिवेशन प्रतिनिधि परिषद्,
५. पालिका/इलाका कमिटी,
७. पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्,
८. वडा/शाखा कमिटी,
९. वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्,
९. टोल/प्रारम्भिक कमिटी,
१०. टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद् ।

**धारा–२९ प्रदेश अधिवेशन**

१. प्रदेश कमिटीले सामान्यतया हरेक चार वर्षमा प्रदेश अधिवेशन आयोजना गर्नेछ ।

२. प्रदेश अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

क. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू,
ख. सल्लाहकार परिषद्का पदाधिकारी समेत सदस्यहरू मध्येबाट निर्वाचित १५ जना प्रतिनिधिहरु ।
स्पष्टीकरण : निर्वाचित प्रतिनिधिहरू बाहेक सल्लाहकार परिषद्का अन्य सदस्यहरू प्रदेश अधिवेशनमा सहभागी हुनेछन् । तर उनीहरूलाई मताधिकार हुनेछैन ।
ग. प्रदेश कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

घ. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी प्रदेश कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

## धारा–३० प्रदेश अधिवेशनका अधिकार र कर्तव्य

प्रदेश अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम् हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने ।

२. प्रदेश कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

३. प्रदेश कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

४. प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने।

## धारा–३१ प्रदेश कमिटी

१. प्रदेश कमिटी दुई अधिवेशन बीचको अवधिमा प्रदेशभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ । प्रदेश कमिटी प्रदेश अधिवेशन, प्रदेश अधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

२. प्रदेश अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ समेत बढीमा उपधारा ३ बमोजिमका सदस्यहरू रहेको प्रदेश कमिटी निर्वाचन गर्नेछ। प्रदेश मातहतका जिल्ला कमिटीका अध्यक्ष प्रदेश कमिटीका पदेन सदस्य हुनेछन् ।

३. प्रदेश कमिटीको आधार संख्या ५० हुनेछ । यो संख्यामा प्रदेशअन्तर्गतका प्रतिनिधिसभाको निर्वाचन क्षेत्र बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिनेछ। काठमाडौं उपत्यका विशेष कमिटीको हकमा आधार संख्याको अतिरिक्त

विशेष जिल्ला कमिटी बराबर पाँचका दरले कायम हुने संख्या थप गर्न सकिनेछ ।

४. प्रदेश कमिटीमा कम्तीमा एक तिहाइ महिलासहित प्रदेशको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ ।

५. अधिवेशनबाट नयाँ प्रदेश कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

## धारा–३२ प्रदेश कमिटीका अधिकार र कर्तव्य

प्रदेश कमिटीका अधिकार र कर्तव्यहरू देहायबमोजिम हुनेछन् :

१. **प्रदेशभित्र पार्टी कामको नेतृत्व** : प्रदेशभित्र पार्टी कामको नेतृत्व गर्ने । महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : प्रदेश कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशत भन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

३. **सल्लाहकार परिषद्को गठन** : आफ्नो कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

४. **प्रदेश मातहतको निर्वाचन र सरकारसँगको सम्बन्ध** : प्रदेशभित्र संघीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने, केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरुप प्रदेशसभा तथा स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई प्रदेसभा संसदीय दल तथा पालिकासभा दलमार्फत नेतृत्व प्रदान गर्ने । आफ्नो कार्यक्षेत्र

भित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो प्रदेशको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने । राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने ।

५. **संगठन निर्माण, अनुगमन र निर्देशन** : आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने र संगठित गर्ने । पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । विधानबमोजिम मातहत कमिटीको निर्णय अनुमोदन गर्ने ।

६. **अधिवेशन र बैठकको आयोजना** : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहत कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

७. **कार्यविभाजन र निर्णयको जानकारी** : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने । आफ्नो कमिटीका आवश्यक निर्णय कार्यान्वयनका लागि मातहत कमिटी एवं सदस्यहरूलाई अन्तरकमिटी निर्देशन जारी गर्ने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने ।

८. **स्रोत व्यवस्थापन** : एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने । माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री-वितरण गर्ने । विधान तथा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिमको अन्य आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

९. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि लागू गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

१०. **विधानमा उल्लिखित अन्य कार्य** : पार्टीको विधान, नियम, विनियम तथा प्रचलित कानूनमा प्रदेश कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

## धारा–३३ प्रदेश अधिवेशन प्रतिनिधि परिषद्

१. प्रदेश अधिवेशनका प्रतिनिधिहरू प्रदेश अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन् । प्रदेश अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता प्रदेश कमिटीका अध्यक्षले गर्नेछन् ।

२. प्रदेश अधिवेशन प्रतिनिधि परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क. प्रदेश कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. प्रदेश कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ग. प्रदेश कमिटीका कार्यहरूको आवधिक समीक्षा गरी आवश्यक निर्देशन दिने,

घ. प्रदेश कमिटीको योजना निर्माण गर्न सुझाव दिने ।

## धारा–३४ जिल्ला अधिवेशन

१. जिल्ला कमिटीले सामान्यतया हरेक तीन वर्षमा जिल्ला अधिवेशनको आयोजना गर्नेछ ।

२. जिल्ला अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

क. जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरू,
ख. सल्लाहकार परिषद्का पदाधिकारी समेत सदस्यहरू मध्येबाट निर्वाचित १५ जना प्रतिनिधिहरु,
स्पष्टीकरण : निर्वाचित प्रतिनिधिहरू बाहेक सल्लाहकार परिषद्का अन्य सदस्यहरू जिल्ला अधिवेशनमा सहभागी हुनेछन् । तर उनीहरूलाई मताधिकार हुनेछैन ।
ग. जिल्ला कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,
घ. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

## धारा–३५ जिल्ला अधिवेशनको अधिकार र कर्तव्य

जिल्ला अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने,

२. जिल्ला कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

३. जिल्ला कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४. जिल्ला कमिटीका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

## धारा–३६ जिल्ला कमिटी

१. जिल्ला कमिटी दुई अधिवेशन बीचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ । जिल्ला कमिटी जिल्ला अधिवेशन, जिल्ला अधिवेशन प्रतिनिधि परिषद्, प्रदेश कमिटी र केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ ।

२. जिल्ला अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको जिल्ला कमिटी निर्वाचन गर्नेछ। जिल्ला मातहतका पालिका/इलाका कमिटीका अध्यक्षहरू जिल्ला कमिटीका पदेन सदस्य हुनेछन् ।

३. जिल्ला कमिटीको आधार संख्या ५० हुनेछ । यो संख्यामा जिल्ला अन्तर्गतका प्रतिनिधिसभाको प्रत्येक निर्वाचन क्षेत्र बराबर १५ का दरले कायम हुने संख्या थप गर्न सकिनेछ । तर जिल्ला कमिटीको अधिकतम् संख्या १५१ र विशेष जिल्ला कमिटीको अधिकतम् सदस्य संख्या ६५ भन्दा बढी हुनेछैन ।

४. जिल्ला कमिटीमा कम्तीमा एक तिहाइ महिलासहित जिल्लाको विविधता प्रतिविम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

५. अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

## धारा–३७ जिल्ला कमिटीका अधिकार र कर्तव्य

जिल्ला कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. **जिल्लाभित्रको पार्टीकामको नेतृत्व** : जिल्लाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : जिल्ला कमिटीको कूल सदस्य संख्याको २५ प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने । तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

३. **सल्लाहकार परिषद्को गठन** : आफ्नो कमिटीको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

४. **जिल्ला मातहतको निर्वाचन र जनपरिचालन** : जिल्ला मातहतको संघीय संसद, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने । केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने । विशेष जिल्ला कमिटीले आफू मातहत हुने सबै प्रकारको निर्वाचनमा नेतृत्व गर्ने । आफ्नो क्षेत्रभित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जिल्लाको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने । राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने ।

५. **संगठन निर्माण, अनुगमन र निर्देशन** : आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, संगठित गर्ने । पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । विधानबमोजिम मातहत कमिटीको निर्णय अनुमोदन गर्ने । पालिका/ईलाका कमिटीबाट पार्टी सदस्यताको सिफारिश

भएकोमा आवश्यक निर्णय गरी अनुमोदनका लागि प्रदेश कमिटीमा पठाउने ।

६. **अधिवेशन र बैठकको आयोजना** : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहत कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

७. **कार्यविभाजन र निर्णयको जानकारी** : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने । आफ्नो कमिटीका आवश्यक निर्णयको जानकारी एवं कार्यान्वयनका लागि मातहतका कमिटी एवं सदस्यहरूलाई अन्तरकमिटी निर्देशन जारी गर्ने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने । आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

८. **स्रोत व्यवस्थापन** : एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । आवश्यकता अनुसार प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने । विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

९. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय प्रदेश कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

१०. **विधानमा उल्लेखित अन्य कार्य** : यस विधान, नियममवली, विनियम तथा निर्देशिकामा जिल्ला कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

**धारा–३८ जिल्ला अधिवेशन प्रतिनिधि परिषद्**

१. जिल्ला अधिवेशनका प्रतिनिधिहरू जिल्ला अधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन् । जिल्ला अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता जिल्ला कमिटीका अध्यक्षले गर्नेछन् ।

२. जिल्ला अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

क. जिल्ला कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. जिल्ला कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ग. जिल्ला कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

घ. जिल्ला कमिटीको योजना निर्माण गर्न सुझाव दिने ।

**धारा–३९ पालिका/इलाका अधिवेशन**

१. पालिका/इलाका कमिटीले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्नेछ ।

२. पालिका/इलाका अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

क. पालिका/इलाका कमिटी र पालिका/इलाका सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू,

ख. पालिका/इलाका कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

ग. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी पालिका/इलाका कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

**धारा–४० पालिका/इलाका अधिवेशनका अधिकार र कर्तव्य**

पालिका/इलाका अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् -

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने, ।

२. पालिका/इलाकाको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने, ।

३. पालिका/इलाका कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने, ।

४. पालिका/इलाका कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

**धारा–४१ पालिका/इलाका कमिटी**

१. पालिका/इलाका कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रमा पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ । पालिका/इलाका कमिटी आफ्नो तहको अधिवेशन, प्रतिनिधि परिषद् र जिल्ला, प्रदेश तथा केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

२. पालिका/इलाका अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको पालिका/इलाका कमिटी निर्वाचन गर्नेछ । पालिका/इलाका मातहतका वडा/शाखा कमिटीका अध्यक्षहरू पालिका/इलाका कमिटीका पदेन सदस्य हुनेछन् ।

३. गाउँपालिका र नगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या ७५, उपमहानगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या ८५, महानगरपालिका कमिटीको अधिकतम् सदस्य संख्या १०१ र इलाका कमिटीको अधिकतम् सदस्य संख्या ५१ हुनेछ ।

४. पालिका/इलाका कमिटी कम्तीमा एक तिहाइ महिलासहित पालिका/इलाकाको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण हुनेछ ।

५. अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

## धारा–४२ पालिका/इलाका कमिटीको अधिकार र कर्तव्य

पालिका/इलाका कमिटीको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. **पालिका/इलाकाभित्रको पार्टीकामको नेतृत्व** : पालिका/इलाकाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : पालिका/इलाका कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने ।  तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

३. **सल्लाहकार परिषद्को गठन** : आफ्नो कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

४. **पालिका/इलाका मातहतको निर्वाचन र र जनपरिचालन** : आफू सम्बद्ध स्थानीय तहको निर्वाचन परिचालन गर्ने । संघीय तथा प्रदेश तहको निर्वाचनमा माथिल्लो कमिटीको निर्देशनअनुरुप परिचालित हुने । केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरुप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने । आफ्नो क्षेत्रभित्रको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । पालिकाको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने । यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने। राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने ।

५. **संगठन निर्माण, अनुगमन र निर्देशन** : आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने र संगठित गर्ने । पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने । विधानबमोजिम मातहत कमिटीको निर्णय अनुमोदन गर्ने ।

६. **अधिवेशन र बैठकको आयोजना** : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

७. **कार्यविभाजन र निर्णयको जानकारी** : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने । आफ्नो कमिटीका आवश्यक निर्णयको जानकारी एवं कार्यान्वयनका लागि मातहतका कमिटी एवं

सदस्यहरूलाई निर्देशन दिने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने । आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

८. **स्रोत व्यवस्थापन** : एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने र माथिल्लो कमिटीले तोकेको शुल्क तथा लेबी बुझाउने । आवश्यकताअनुसार प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने । विधान, नियम तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

९. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय जिल्ला कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

१०. **विधानमा उल्लेखित अन्य कार्य** : पार्टीको विधान, नियम, विनियम, निर्देशिकामा पालिका/इलाका कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

## धारा–४३ पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्

१. पालिका/इलाका अधिवेशनका प्रतिनिधिहरू पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन् । यसको बैठकको अध्यक्षता पालिका/इलाका कमिटीका अध्यक्षले गर्नेछन् ।

२. पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य :

क. पालिका/इलाका कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. पालिका/इलाका कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ग. पालिका/इलाका कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

घ. पालिका/इलाका कमिटीको योजना निर्माण गर्न राय, सुझाव दिने ।

**धारा–४४ वडा/शाखा अधिवेशन**

१. वडा/शाखा कमिटीले सामान्यतया हरेक तीन वर्षमा वडा/शाखा अधिवेशनको आयोजना गर्नेछ ।

२. वडा/शाखा अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि हुनेछन् :

क. वडा/शाखा कमिटी र सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू,

ख. वडा/शाखा कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

ग. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी वडा/शाखा कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

**धारा–४५ वडा/शाखा अधिवेशनका अधिकार र कर्तव्य**

वडा/शाखा अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् -

क. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने,

ख. वडा/शाखा कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक, आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने,

ग. वडा/शाखा कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

## धारा–४६ वडा/शाखा कमिटी

१. वडा/शाखा कमिटी दुई अधिवेशनबीचको अवधिमा सम्बन्धित वडा/शाखाभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ । वडा/शाखा कमिटी वडा/शाखा अधिवेशन, वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्, पालिका/इलाका, जिल्ला, प्रदेश तथा केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ ।

२. वडा/शाखा अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ र उपधारा ३ मा उल्लिखित अधिकतम् संख्यामा नबढ्ने गरी सदस्यहरू रहेको वडा/शाखा कमिटी निर्वाचन गर्नेछ । वडा/शाखा मातहतका टोल/प्रारम्भिक कमिटीका अध्यक्षहरू वडा/शाखा कमिटीका पदेन सदस्य हुनेछन् ।

३. गाउँ र नगरका वडा कमिटीको अधिकतम् सदस्य संख्या ३१, उपमहानगरका वडा कमिटीको अधिकतम् संख्या ४१ र महानगरका वडा कमिटीको अधिकतम् सदस्य ५१ र शाखा कमिटीको अधिकतम् संख्या २५ हुनेछ ।

४. वडा/शाखा कमिटीमा पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ ।

५. अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

## धारा–४७ वडा/शाखा कमिटीको अधिकार र कर्तव्य

वडा/शाखा कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. **वडा/शाखाभित्रको पार्टी कामको नेतृत्व** : वडा/शाखाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो

कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : वडा/शाखा कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने, तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने,

३. **सल्लाहकार परिषद्को गठन** : आफ्नो कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने।

४. **वडा/शाखा मातहतको निर्वाचन र सरकारसँगको सम्बन्ध** : वडा/शाखा मातहतको निर्वाचन परिचालन गर्ने, केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरुप आफ्नो क्षेत्रभित्रको भौतिक तथा मानवीय स्रोत विकासको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने। वडाको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। यस प्रयोजनका लागि मातहतको पार्टीपङ्क्ति परिचालित गर्ने। राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने।

५. **संगठन निर्माण, अनुगमन र निर्देशन** : आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, संगठित गर्ने, पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, विधानबमोजिम मातहत कमिटीको निर्णय अनुमोदन गर्ने।

पार्टी सदस्यताको आवेदन आएमा आवश्यक अध्ययन गरी सिफारिससहित पालिका/इलाका कमिटीमा पठाउने ।

६. **अधिवेशन र बैठकको आयोजना** : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । विधानअनुरुप नियमित बैठकको आयोजना गर्ने र मातहतको टोल/प्रारम्भिक कमिटीको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

७. **कार्यविभाजन र निर्णयको जानकारी** : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने । मातहतको कमिटी र पार्टी सदस्यलाई आफ्नो कमिटीको निर्णयको जानकारी गराउने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने । आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।

८. **स्रोत व्यवस्थापन** : एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । आवश्यताअनुसार पार्टी प्रकाशन गर्ने र बिक्री-वितरण गर्ने । विधान, नियमावली तथा आर्थिक विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोतको परिचालन र व्यवस्थापन गर्ने ।

९. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने मातहतको कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय पालिका/इलाका कमिटीबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने । मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

१०. **विधानमा उल्लेखित अन्य कार्य** : यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा वडा/शाखा कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

## धारा–४८ वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्

१. वडा/शाखा अधिवेशनका प्रतिनिधिहरू वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन् । यसको बैठकको अध्यक्षता वडा/शाखा कमिटीका अध्यक्षले गर्नेछन् ।

२. वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य:

क. वडा/शाखा कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. वडा/शाखा कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

ग. वडा/शाखा कमिटीको योजना निर्माण गर्न सुझाव दिने ।

## धारा–४९ टोल/प्रारम्भिक कमिटी

१. टोल/प्रारम्भिक अधिवेशन सामान्यतया हरेक दुई वर्षमा हुनेछ । टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू टोल/प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन् ।

२. टोल/प्रारम्भिक अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने,

ख. टोल/प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ग. अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ र सदस्यहरू समेत बढीमा २१ सदस्यीय टोल/प्रारम्भिक कमिटीको निर्वाचन गर्ने ।

## धारा-५० टोल/प्रारम्भिक कमिटीको अधिकार र कर्तव्य

टोल/प्रारम्भिक कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. **टोल/प्रारम्भिकभित्रको पार्टी कामको नेतृत्व** : टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रभित्र पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. **आन्तरिक निर्वाचन र मनोनयन** : टोल/प्रारम्भिक कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने । आफ्नो कमिटीको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

३. **जनपरिचालन** : पार्टीको उमेद्वारको पक्षमा निर्वाचन अभियान संचालन गर्ने । केन्द्रीय कमिटीबाट निर्धारित नीतिअनुरुप आफ्नो क्षेत्रभित्रको भौतिक तथा मानवीय स्रोत विकास र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । आफ्नो क्षेत्रको समग्र विकास र सामाजिक-आर्थिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने । पार्टीपङ्क्तिलाई टोल विकास संस्थासँग जोडेर विकास निर्माणको काममा परिचालित गर्ने । राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार आन्दोलनलगायत अन्य कार्यक्रम संचालन गर्ने ।

४. **संगठन निर्माण** : आफ्नो कार्यक्षेत्र भित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने ।

५. **अधिवेशन र बैठकको आयोजना** : आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने । विधानअनुरुप नियमित बैठक र अधिवेशनको आयोजना गर्ने ।

६. **कार्यविभाजन र निर्णयको जानकारी** : कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने । पार्टी सदस्यलाई कमिटीको निर्णय र माथिल्लो कमिटीको निर्देशन जानकारी गराउने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषयमा अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने ।

७. **स्रोत व्यवस्थापन** : माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । पार्टी प्रकाशनको बिक्री-वितरण गर्ने । विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

८. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने सदस्यलाई कारबाही गर्ने ।

९. **विधानमा उल्लेखित अन्य कार्य** : यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा टोल/प्रारम्भिक कमिटीले गर्ने भनिएको कार्य गर्ने ।

## धारा–५१ टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्

१. टोल र प्रारम्भिक कमिटीको कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू सम्बन्धित टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन् । प्रतिनिधि परिषद् बैठकको अध्यक्षता टोल/प्रारम्भिक कमिटीका अध्यक्षले गर्नेछन् ।

२. टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य :

क. टोल/प्रारम्भिक कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. टोल/प्रारम्भिक कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

ग. टोल/प्रारम्भिक कमिटीको योजना निर्माण गर्न सुझाव दिने ।

**धारा–५२ सङ्गठन कमिटी**

१. नयाँ कार्यक्षेत्रमा पार्टी काम विस्तार गर्न वा निर्वाचित कमिटी नभएको वा निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा एक तह माथिल्लो कमिटीले कुनै पनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ ।

२. सङ्गठन कमिटीको मुख्य काम आफ्नो अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

३. अधिवेशन सम्पन्न नहुँदासम्म निर्वाचित कमिटीका अधिकारहरू संगठन कमिटीले प्रयोग गर्नेछ ।

४. सङ्गठन कमिटीको अवधि ६ महिनाको हुनेछ । आवश्यकता परेमा एक तह माथिल्लो कमिटीले बढीमा ६ महिनाको अवधि थप्न सक्नेछ ।

**धारा–५३ सम्पर्क समन्वय कमिटी**

देशका विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गर्ने पार्टी सदस्यहरू मध्येबाट प्रदेश कमिटीस्तरको सम्पर्क समन्वय कमिटी गठन गरिनेछ । सम्पर्क समन्वय कमिटीमा देहायबमोजिम पदाधिकारी तथा सदस्य रहनेछन्:

१. प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरू,

२. सम्पर्क समन्वय कमिटी अन्तर्गतका राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यहरू,

३. उपरोक्त सङ्ख्याको ५० प्रतिशतमा नबढ्ने गरी सम्पर्क समन्वय कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले मनोनित गरेका सदस्यहरू । तर यस कमिटीको अधिकतम् संख्या ८५ भन्दा बढी हुनेछैन ।

४. सम्पर्क समन्वय कमिटीको संयोजक, सहसंयोजक र सचिव केन्द्रीय कमिटीले तोकेबमोजिम हुनेछ ।

**धारा–५४ सम्पर्क समन्वय कमिटीका अधिकार र कर्तव्य**

सम्पर्क समन्वय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. **सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूमा पार्टीकामको नेतृत्व** : देशका विभिन्न भागबाट काठमाडौँ उपत्यकामा आइ बसोबास गर्ने र अन्य कमिटीमा संगठित नभएका जनताको बीचमा पार्टी कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्र अन्तर्गतका राजनीतिक र संगठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटी तथा केन्द्रीय कमिटीका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

२. **मनोनयन र कार्यविभाजन** : कमिटीको कूल सदस्य संख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने । कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने ।

४. **जनपरिचालन** : निर्वाचन र पार्टीका अन्य घोषित कार्यक्रमहरुमा सम्बन्धित प्रदेश, सम्पर्क कमिटी र जिल्ला तथा सो मातहतका सम्पर्क मञ्च परिचालन गर्ने । सम्बन्धित प्रदेश, जिल्ला र

पालिका तहको पार्टीसँग सम्पर्क समन्वय गर्ने र त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूलाई परिचालन गर्ने ।

५. **संगठन निर्माण, अनुगमन र निर्देशन** : आफ्नो कार्यक्षेत्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, संगठित गर्ने । प्रदेश सम्पर्क कमिटी र सम्पर्क मञ्च गठन गर्ने र तिनलाई नेतृत्व प्रदान गर्ने । प्रदेश सम्पर्क कमिटी तथा सम्पर्क मञ्चका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने । आवश्यकताअनुरुप प्रदेश सम्पर्क कमिटीको निर्णय अनुमोदन गर्ने ।

६. **बैठक आयोजना** : विधानबमोजिम आफ्नो कमिटीको नियमित बैठक आयोजना गर्ने । बैठकका निर्णय कार्यान्वयन गर्ने/गराउने । मातहतको कमिटी तथा सम्पर्क मञ्चहरुको नियमित बैठक तथा अधिवेशन गर्न लगाउने ।

७. **स्रोत व्यवस्थापन** : मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । पार्टी प्रकाशन बिक्री-वितरण गर्ने, विधान तथा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिमको आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

८. **अनुशासनको पालना** : अनुशासन पालना नगर्ने मातहतको सम्पर्क कमिटीलाई विधानबमोजिम विघटन गर्ने र सदस्यलाई कारबाही गर्ने, मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने ।

९. **विधानमा उल्लेखित अन्य कार्य** : यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा सम्पर्क समन्वय कमिटीले गर्ने भनिएका कार्य गर्ने ।

## धारा–५५ प्रदेश सम्पर्क अधिवेशन

१. प्रदेश सम्पर्क कमिटीले हरेक तीन वर्षमा प्रदेश सम्पर्क अधिवेशन आयोजना गर्नेछ ।

२. अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्:

क. प्रदेश सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरू,
ख. प्रदेश सम्पर्क कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,
ग. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी प्रदेश सम्पर्क कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

३. प्रदेश सम्पर्क अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

क. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने,
ख. प्रदेश सम्पर्क कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, संगठनात्मक र आर्थिक प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने,
ग. प्रदेश सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,
घ. प्रदेश सम्पर्क कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

## धारा–५६ प्रदेश सम्पर्क कमिटीको गठन तथा अधिकार र कर्तव्य

१. प्रदेश सम्पर्क अधिवेशनले अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १, उपसचिव- २ सहित बढीमा ५१ सदस्यीय प्रदेश सम्पर्क कमिटीको निर्वाचन गर्नेछ ।

२. कमिटीमा एकतिहाइ महिलासहित पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ ।

३. अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

४. प्रदेश सम्पर्क कमिटीले आफ्नो प्रदेशभित्र सम्पर्क समन्वय कमिटीले गर्ने भनी धारा- ५४ मा उल्लिखित कार्यहरु गर्नेछ ।

## धारा–५७ प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्

१. प्रदेश सम्पर्क अधिवेशनका प्रतिनिधिहरू प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन् । परिषद्को बैठकको अध्यक्षता प्रदेश सम्पर्क कमिटी अध्यक्षले गर्नेछन् ।

२. परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क. प्रदेश सम्पर्क कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ख. प्रदेश सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

ग. प्रदेश सम्पर्क कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने ।

## धारा–५८ सम्पर्क मञ्च गठन गर्न सकिने

१. देशका विभिन्न भागबाट काठमाडौँ उपत्यकामा आई बसोबास गर्ने जनसमुदायलाई पार्टीको वरीपरी गोलबन्द गर्न, उनीहरुलाई सम्बन्धित जिल्लाको पार्टी कामसँग जोड्न र जिल्लासँग जीवन्त सम्बन्ध राख्न जिल्ला सम्पर्क मञ्च गठन हुनेछ ।

२. जिल्ला सम्पर्क मञ्चले प्रदेश सम्पर्क कमिटीको अनुमतिमा निर्वाचन क्षेत्र वा पालिका तहमा सम्पर्क मञ्चहरू गठन गर्न सक्नेछन् ।

३. सम्पर्क मञ्चहरूमा पार्टीका सदस्य, समर्थक र पार्टीप्रति आस्थावान् रहेका व्यक्तिहरू रहन सक्नेछन् ।

४. सम्पर्क मञ्चले सम्बन्धित जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कमिटीसँग सम्पर्क समन्वय गर्ने, त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा मातहतको सम्पर्क मञ्च, पार्टी सदस्य र समर्थकहरुलाई परिचालित गर्ने र पार्टीको पक्षमा जनमत निर्माण गर्नेछन् ।

५. जिल्ला, निर्वाचन क्षेत्र तथा पालिका तहका सम्पर्क मञ्चका अधिकार र कर्तव्य सम्पर्क समन्वय कमिटीले तोकेबमोजिम हुनेछ ।

## धारा–५९ निर्वाचन क्षेत्र समन्वय कमिटी

१. जिल्ला कमिटीले सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला कमिटीमा प्रतिनिधित्व गर्ने सदस्यहरू, पालिका कमिटीका पदाधिकारीहरू र पालिका अन्तरगतका वडा कमिटीका अध्यक्षहरू रहेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्न सक्नेछ । वडा अध्यक्ष र सोभन्दा माथिल्लो जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू निर्वाचन क्षेत्र समन्वय कमिटीमा स्थायी आमन्त्रित हुनेछन् ।

२. निर्वाचन क्षेत्र समन्वय कमिटीका संयोजक, सहसंयोजक र सचिव जिल्ला कमिटीले तोकेबमोजिम हुनेछन् ।

३. निर्वाचन क्षेत्र समन्वय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

   क. पार्टीको नीति तथा माथिल्लो कमिटीको निर्देशनअनुरूप प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको पार्टी कामको संयोजन गर्ने,

   ख. प्रतिनिधिसभा/प्रदेशसभा सदस्यको निर्वाचनमा संयोजन गर्ने,

ग. प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन क्षेत्रको विकास निर्माण र जनसरोकारको कामको संयोजन गर्ने,

घ. जिल्ला कमिटीले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

**धारा-६० प्रदेश र स्थानीय कमिटीका पदाधिकारीहरूको अधिकार र कर्तव्य**

प्रदेश र स्थानीय कमिटीका पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. अध्यक्षको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क. आफ्नो कार्यक्षेत्रको पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने । आफ्नो कमिटीको बैठक बोलाउन निर्देशन दिने,

ख. माथिल्लो कमिटी, आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि परिषद् र आफ्नो कमिटीका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने,

ग. आफ्नो कमिटी, सचिवालय र अधिवेशन प्रतिनिधि परिषद्का बैठकको अध्यक्षता गर्ने,

घ. आफ्नो कमिटी, अधिवेशन प्रतिनिधि परिषद् र अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

ङ. आय-व्ययको लेखा राख्न लगाउने,

च. सम्बन्धित कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

२. उपाध्यक्षका अधिकार र कर्तव्य :

क. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

ख. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

ग. आफ्नो कमिटी र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

३. सचिवका अधिकार र कर्तव्य :

क. माथिल्लो कमिटी, आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्का निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र आफ्नो कमिटीसमक्ष प्रस्तुत गर्ने,

ख. आफ्नो कमिटीको कार्यालय सञ्चालन गर्ने,
ग. आफ्नो कमिटीको कार्यक्षेत्रभित्रको सङ्गठनात्मक कामको अनुगमन गर्ने, संगठनात्मक अभिलेख राख्ने,
घ. अध्यक्षको परामर्शमा कमिटी तथा अधिवेशन प्रतिनिधि परिषद् बैठकको कार्यसूची तयार गर्ने र बोलाउने,
ङ आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि परिषद र कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेश गर्ने,
च. आफ्नो कमिटी तथा प्रतिनिधि परिषद्का बैठक सञ्चालन गर्ने,
छ. आफ्नो कमिटी र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

४. उपसचिवका अधिकार र कर्तव्य :

क. सचिवको काममा आवश्यक सहयोग गर्ने,
ख. सचिवले प्रत्यायोजित गरेका कार्यहरू गर्ने,
ग. आफ्नो कमिटी र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।

५. सदस्यका अधिकार र कर्तव्य :

क. आफ्नो कमिटी र सचिवालयले तोकेका कार्यहरू गर्ने,
ख. आफ्नो जिम्मेवारीको कार्यक्षेत्रमा आफ्नो कमिटीको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
ग. आफ्नो कार्यक्षेत्रमा आफ्नो कमिटी तथा माथिल्लो कमिटीको निर्णय तथा निर्देशनअनुरुप पार्टीकाम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।

६. संयोजक र सहसंयोजकको अधिकार र कर्तव्य :

आफ्नो कमिटीको जिम्मेवारी बहन गर्नेक्रममा संयोजकले माथि उपधारा (१) मा अध्यक्षलाई भएसरह र सहसंयोजकले उपधारा (२) मा उपाध्यक्षलाई भएसरह र सचिवले उपधारा (३) मा सचिवलाई भएसरहको अधिकार र कर्तव्यको प्रयोग र पालना गर्नेछन् ।

## अध्याय – पाँच
# निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति

### धारा–६१ निर्वाचन विधि

१. समन्वय र संगठन कमिटीबाहेक सबै तहका कमिटी महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन् ।

२. महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुने कमिटी वा निकायका पदाधिकारी वा सदस्यको निर्वाचन लोकतान्त्रिक विधिअनुरूप हुनेछ । निर्वाचन सम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावली बमोजिम हुनेछ ।

### धारा–६२ निर्वाचन क्षेत्र र समावेशीकरण

१. महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधि तथा कमिटीका पदाधिकारी र सदस्यका लागि निर्वाचन गर्दा भूगोल, खुल्ला र समावेशी क्षेत्र तोकिनेछ ।

२. सबै तहका निर्वाचित कमिटीहरू समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम् ३३ प्रतिशत महिला सदस्य रहनेछन् । महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ । न्यूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्य तथा समावेशी सदस्यहरूको स्थान खाली रहनेछ ।

३. सबै तहका कमिटीमा श्रमिक, दलित, अल्पसंख्यक, आदिवासी-जनजाति, र कमिटीमा आबद्ध सदस्यहरूको विशेषताअनुरूप सम्बन्धित अधिवेशनले निर्धारण गरेबमोजिम समावेशीकरण गरिनेछ ।

४. समावेशीताको आधार सामान्यतया सम्बन्धित समुदायको पार्टी सदस्य सङ्ख्यालाई बनाइनेछ ।

## धारा–६३ उम्मेद्वार हुन आवश्यक योग्यता

महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन वा कुनै पनि कमिटीको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन देहायबमोजिमको न्यूनतम योग्यता पुरा भएको हुनुपर्नेछ :

१. राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तीमा १० वर्ष पार्टी सदस्य भएर काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी-जनजाति र अपाङ्गता भएका व्यक्तिले भने सात वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

२. केन्द्रीय कमिटीको पदाधिकारी र स्थायी कमिटी सदस्यका लागि उम्मेद्वार हुन केन्द्रीय कमिटीको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

३. केन्द्रीय कमिटी सदस्यको उम्मेद्वार हुनका लागि कम्तीमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य वा प्रदेश कमिटीको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला कमिटीको पदाधिकारी वा जनसंगठनको केन्द्रीय पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी-जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने एक कार्यकाल जिल्ला कमिटी वा सोभन्दा माथिल्लो कमिटीको सदस्य भई काम गरेको र सात वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

४ केन्द्रीय अनुशासन आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र पार्टी जीवनमा अनुशासनको कारबाहीमा नपरेको हुनुपर्नेछ । अध्यक्ष हुनका लागि स्थायी कमिटी सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

५ केन्द्रीय लेखापरीक्षण आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र आर्थिक प्रशासन तथा

लेखापरीक्षणका विषयमा व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ । अध्यक्ष हुनका लागि स्थायी कमिटी सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

६ केन्द्रीय निर्वाचन आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र निर्वाचनसम्बन्धी कानुनी र व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ। अध्यक्ष हुनका लागि स्थायी कमिटी सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

७ केन्द्रीय सल्लाहकार परिषद्को सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको वा पार्टी सदस्य भई कम्तीमा ३० बर्ष काम गरेको वा दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानुन र विज्ञान प्रविधिजस्ता विषयको विज्ञ र १० बर्ष पार्टी सदस्य भई काम गरेको हुनुपर्नेछ । अध्यक्ष हुनका लागि स्थायी कमिटी सदस्यको योग्यता पुगेको हुनुपर्नेछ ।

८. विभागको सदस्य हुन एकतह तल्लो कार्यकारी कमिटीको सदस्य वा सम्बन्धित विषयको विज्ञ हुनुपर्नेछ ।

९. प्रदेश कमिटीको सदस्य हुन कम्तीमा सात वर्ष पार्टी सदस्य भई काम गरेको र जिल्ला वा सोभन्दा माथिल्लो कमिटी वा विभागको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, श्रमिक, अल्पसंख्यक, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई पाँच बर्ष काम गरेको र एक कार्यकाल जिल्ला कमिटी वा जनसंगठन वा विभागमा रही काम गरेको भए पुग्नेछ ।

१०. जिल्ला र सो मातहतका कमिटी, निकाय वा विभागको पदाधिकारी तथा सदस्य पदका लागि उम्मेद्वार हुन सम्बन्धित अधिवेशनले तोकेबमोजिमको योग्यता हुनुपर्नेछ ।

११. अन्य पार्टीबाट वा सामाजिक क्षेत्रमा विशिष्ट योगदान गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा महाधिवेशन वा कुनै पनि तहको अधिवेशनमा प्रतिनिधि हुन वा कुनै पनि कमिटीको सदस्य पदका लागि उमेद्वार हुन पार्टी सदस्यताको अवधिसम्बन्धी व्यवस्था लागु हुने छैन ।

१२. पदाधिकारी वा सदस्य पदमा निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी परेमा सम्बन्धित कमिटीले छानवीन गर्नेछ र तोकिएको न्युनतम् योग्यता पुरा नभएको पुष्टि भएमा निज पदमुक्त हुनेछ ।

**धारा–६४ उम्मेद्वार हुन नपाउने**

देहायको अवस्थामा मापदण्ड पुरा भएको भए पनि उमेद्वार हुन पाउने छैन :

१. पालिका वा सोभन्दा माथिल्लो कमिटीमा पदाधिकारीको हैसियतमा कार्यरत कुनै पनि व्यक्ति एउटै तह र एउटै पदमा दुईपटक भन्दा बढी उम्मेदवार हुन पाउने छैन ।

२. सबै तहको कार्यकारी कमिटीको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित हुन ७० वर्ष उमेर पुरा नभएको हुनुपर्नेछ । तर ७० बर्ष पुरा नहुँदै निर्वाचित वा मनोनित भएको व्यक्तिले अर्को महाधिवेशन/अधिवेशन नभएसम्म आफू निर्वाचित वा मनोनित पदमा रही जिम्मेवारी बहन गर्न बाधा पुगेको मानिने छैन ।

**धारा–६५ मनोनयनसम्बन्धी व्यवस्था**

१. केन्द्रीय कमिटी तथा मातहतका कमिटीले आफ्नो तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचित कूल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी सदस्यहरू मनोनित गर्न सक्नेछ ।

२. केन्द्रीय कमिटीले आफैले र अन्य कमिटीको हकमा एकतह माथिल्लो कमिटीको अनुमतिमा सम्बन्धित कमिटीले अन्य पार्टी वा राजनीतिक समूहबाट यस पार्टीमा समाहित हुन आउने व्यक्तिलाई आफ्नो तहको कमिटीमा मनोनयन गर्न सक्नेछ । तर यस्तो संख्या कार्यकाल भरमा आफ्नो कमिटी संख्याको १० प्रतिशतभन्दा बढी हुनेछैन ।

३. केन्द्रीय कमिटीले समान राजनीतिक विचारधारा भएका अन्य दलसँग एकीकरण सम्झौता गरी एकता प्रक्रियालाई अघि बढाउन सक्नेछ र सो सम्झौतामा लेखिएको कुरा यसै विधानको अभिन्न अंग मानिनेछ ।

**धारा–६६ पदबहाली गर्नुअघि शपथग्रहण गर्नुपर्ने**

१. कुनै पनि कमिटी वा निकायमा निर्वाचित वा मनोनित व्यक्तिले पदबहाली गर्नुअघि अनुसूची- ४ बमोजिम शपथग्रहण गर्नुपर्नेछ ।

२. निर्वाचन वा मनोनयन सम्पन्न भएपछि देहायको व्यक्तिलाई देहायका पदाधिकारीले शपथग्रहण गराउनेछन् :

क. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका अध्यक्षलाई केन्द्रीय निर्वाचन आयोगको अध्यक्षले,

ख. निर्वाचन आयोगको अध्यक्ष र केन्द्रीय सल्लाहकार परिषदका अध्यक्षलाई केन्द्रीय कमिटीको अध्यक्षले,

ग. बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र सदस्यहरूलाई केन्द्रीय कमिटीको अध्यक्षले,

घ. प्रदेश तथा स्थानीय कमिटीको अध्यक्षलाई सम्बन्धित तहको निर्वाचनमा खटिएका निर्वाचन आयोगको अध्यक्ष वा आयोगका सदस्य वा प्रमुख निर्वाचन अधिकृतको रुपमा जिम्मेवारी बहन गर्ने व्यक्तिले,

ङ. प्रदेश तथा मातहत कमिटीका उपाध्यक्ष, सचिव, उपसचिव र सदस्यलाई सम्बन्धित कमिटीका अध्यक्षले,

च. उल्लेख गरिएबाहेक नियुक्ति वा मनोनित हुने व्यक्तिलाई नियुक्ति वा मनोनयन गर्ने कमिटी वा निकायको अध्यक्ष वा प्रमुखले,

छ. माथि उल्लेख भएबमोजिम शपथग्रहण गराउनुपर्ने व्यक्ति कुनै कारणले अनुपस्थित भएमा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिले ।

**धारा–६७ पदरिक्तता**

देहायको अवस्थामा कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त भएको मानिनेछ :

१. अध्यक्षले बरिष्ठ उपाध्यक्ष/उपाध्यक्ष समक्ष, कमिटी वा निकायका अन्य पदाधिकारी तथा सदस्यले सम्बन्धित कमिटी वा निकायको अध्यक्षसमक्ष र सल्लाहकार परिषदका पदाधिकारी तथा सदस्यले सम्बन्धित कमिटीको अध्यक्ष समक्ष र मनोनयनबाट नियुक्त हुने पदाधिकारी तथा सदस्यले मनोनयन गर्ने कमिटीको अध्यक्षसमक्ष राजीनामा दिएमा ।

२. तोकिएको अवधिमा पार्टी सदस्यता नवीकरण नभएमा वा सदस्यता नरहेमा ।

३. मृत्यु भएमा ।

४. कुनै पनि कमिटीको पदाधिकारी वा सदस्यमा कार्यरत व्यक्ति अर्को कमिटीको पदाधिकारी वा सदस्य पदमा उम्मेद्वार भएमा तर पदेन सदस्यको लागि यो व्यवस्था लागु हुनेछैन ।

५. अनुशासनको कारबाहीमा परी पदमुक्त भएमा वा उमेद्वारीको लागि आवश्यक योग्यता पुरा नभएको आधारमा पदमुक्त भएमा।

६. महाधिवेशन वा अधिवेशनमा नै निश्चित पद पछि पूर्ति हुने व्यवस्था भएमा ।

### धारा–६८ पदपूर्ति

१. कुनै पनि पद रिक्त भएमा सम्बन्धित कमिटी वा निकायले त्यस्तो पदमा उमेद्‌वार हुनयोग्य व्यक्तिमध्येबाट उपयुक्त व्यक्तिलाई मनोनयन गर्न सक्नेछ । मातहत कमिटीले पदपूर्ति गर्दा एकतह माथिल्लो कमिटीबाट अनुमोदन गराउनुपर्नेछ । मनोनयनबाट नियुक्त भएका पदाधिकरी तथा सदस्यहरुको पदरिक्त भएमा मनोननय गर्ने कमिटीले पदपूर्ति गर्नेछ ।

२. अध्यक्ष वा संयोजकको पद रिक्त भएमा सम्बन्धित कमिटीको उपाध्यक्ष वा सहसंयोजकले कार्यबाहक भइ काम गर्नेछन् । यसरी नै महासचिव वा सचिवको पद रिक्त भएमा उपमहासचिव वा उपसचिवले कार्यबाहक भई काम गर्नेछन् । सो बाहेक अन्य पद रिक्त भएमा वा कार्यबाहक को हुने भन्ने विषयमा प्रश्न उठेमा सम्बन्धित कमिटी वा निकायको बैठकले निर्णय गरेबमोजिम हुनेछ ।

## अध्याय – छ

## विशेष महाधिवेशन, अधिवेशन र बैठक

### धारा–६९ विशेष महाधिवेशन वा अधिवेशन

१. ठोस कार्यसूचि र उचित कारण दर्शाइ दुईतिहाइ जिल्ला कमिटी वा बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखितरूपमा माग गरेमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ ।

२. उपधारा (१) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले महाधिवेशन आयोजक कमिटी बनाइ विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

३. कुनै तहको अधिवेशन प्रतिनिधि परिषद्का बहुमत सदस्यले माग गरेमा सम्बन्धित कमिटीले तीन महिनाभित्र विशेष अधिवेशन आयोजना गर्नुपर्नेछ ।

४. विशेष महाधिवेशन/अधिवेशनले महाधिवेशन/अधिवेशनका लागि तोकिएको सम्पूर्ण अधिकार र कर्तव्य पालना गर्न सक्नेछ ।

## धारा–७० बैठक

पार्टीका विभिन्न तहका कमिटी, निकाय, परिषद् र विभागका बैठक देहायबमोजिम हुनेछन् :

१. सामान्यतया केन्द्रीय कमिटीको बैठक छ महिना, प्रदेश र जिल्ला कमिटीको बैठक तीन महिना र सो मातहतका कमिटीको बैठक दुई महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

२. स्थायी कमिटीको बैठक तीन महिना, केन्द्रीय सचिवालयको बैठक एक महिना, कार्यालयको बैठक १५ दिन र सबै तहका विभागको बैठक तीन महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

३. सबै तहका सल्लाहकार परिषद्हरूको बैठक आवश्यकता अनुसार आयोजना गर्नुपर्नेछ ।

४. कमिटीका बहुमत सदस्यहरूले माग गरेको खण्डमा केन्द्रीय कमिटी र मातहत कमिटीको बैठक एक महिनाभित्र बोलाउनुपर्नेछ ।

५. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

## धारा–७१ बहुमतको निर्णय पार्टी निर्णय

१. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, अधिवेशन, प्रतिनिधि परिषद् र बैठकमा सबै विषयमाथि छलफल गर्दा लोकतान्त्रिक

प्रक्रिया अपनाइनेछ र सम्भव भएसम्म सर्वसम्मतिले निर्णय गरिनेछ ।

२. कुनै विषयमा सर्वसम्मति कायम हुन नसकी निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय पार्टी निर्णय हुनेछ ।

३. निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमती लिखितरूपमा कमिटीमा प्रस्तुत गर्नुपर्नेछ । कमिटीको निर्णय पुस्तिकामा लिखितरूपमा दर्ज भएको असहमतीलाई मात्र फरक मतको मान्यता हुनेछ ।

## अध्याय – सात

## सङ्घीय संसदीय दल, प्रदेशसभा संसदीय दल र पालिकासभा दल

### धारा–७२ सङ्घीय संसदीय दल

१. पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका सङ्घीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)का सदस्यहरू समावेश भएको सङ्घीय संसदीय दल हुनेछ ।

२. सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी केन्द्रीय कमिटीबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ ।

३. केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यहरू केन्द्रीय कमिटी, आफू कार्यरत रहेको कमिटी र आफू निर्वाचित रहेको क्षेत्रप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति र निर्णय पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

५. संसदीय दलको नेताको निर्वाचन, संसदीय बोर्डको गठन र अन्य पदाधिकारीको चयन संसदीय दलको विधानबमोजिम हुनेछ ।

## धारा–७३ प्रदेश संसदीय दल

१. पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका प्रदेशसभाका सदस्यहरू समावेश भएको प्रदेशसभा संसदीय दल हुनेछ ।

२. प्रदेशसभा संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी प्रदेश कमिटीबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ ।

३. प्रदेश कमिटीले पार्टीको कार्यक्रम, नीति र केन्द्रीय कमिटीको निर्देशनअनुरूप प्रदेशसभा संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

४. प्रदेशसभा संसदीय दलका सदस्य केन्द्रीय कमिटी, प्रदेश कमिटी, आफू कार्यरत रहेको कमिटी र आफू निर्वाचित रहेको क्षेत्रप्रति उत्तरदायी हुनेछ । पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछन् ।

५. प्रदेशसभा संसदीय दलको नेताको निर्वाचन, संसदीय बोर्डको गठन र अन्य पदाधिकारीको चयन संसदीय दलको विधानबमोजिम हुनेछ ।

## धारा–७४ पालिकासभा दल

१. स्थानीय तहमा निर्वाचित, मनोनित र पछि दलको सदस्यता ग्रहण गरेका जनप्रतिनिधिहरू सम्मिलित पालिकासभा दल हुनेछ ।

२. सम्बन्धित पालिकाको प्रमुख/अध्यक्ष पालिकासभा दलको नेता हुनेछन् । निज नभएमा उपप्रमुख/उपाध्यक्ष र निज पनि नभएमा सम्बन्धित पार्टी कमिटीले तोकेको बरिष्ठतम् जनप्रतिनिधि पालिकासभा दलको नेता हुनेछन् ।

३. जिल्ला र सम्बन्धित पालिका कमिटीले पालिकासभा दलमार्फत् सम्बन्धित स्थानीय तहमा कार्यरत जनप्रतिधिहरूलाई नेतृत्व प्रदान गर्नेछन् ।

४. पालिकासभा दलले सम्बन्धित पालिकाको पार्टी कमिटीसँग समन्वय गरी कार्य गर्नेछ ।

५. स्थानीय तहमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू पार्टी र आफू निर्वाचित भएको क्षेत्रका जनताप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

### अध्याय – आठ

## लोकतान्त्रिक विधिको अवलम्बन र अनुशासनको पालना

**धारा–७५ पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यमा रहने :**

प्रत्येक पार्टी सदस्य कमिटीको मातहत हुनेछ, अल्पमत बहुमतको मातहत हुनेछ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुनेछ, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटी मातहत हुनेछन् र केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत हुनेछ । पार्टीको सार्वभौम अधिकार पार्टी सदस्यमा निहीत रहनेछ ।

**धारा–७६ लोकतान्त्रिक निर्णय पद्दति अवलम्बन गरिने :**

कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सदस्यले कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा असहमति प्रकट गर्न पाउनेछन् । तर हरेक सदस्य वा कमिटीले सम्बन्धित कमिटीको

बहुमत र माथिल्लो कमिटीको निर्णय पालना गर्नुपर्नेछ । बहुमतले अल्पमतलाई कदर गर्नुपर्नेछ ।

**धारा–७७ फरक मतलाई भेदभाव नगरिने**

प्रत्येक पार्टी सदस्यले विधानको अधीनमा रही राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा आफ्नो मत राख्न पाउनेछन् र फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व भने निर्वाह गरिरहनु पर्नेछ ।

**धारा–७८ फरक मतमा छलफल हुनसक्ने**

१. धारा- ७१ (३) बमोजिमको फरक मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रियाअनुरूप छलफल गर्न सकिनेछ ।

२. राष्ट्रिय महाधिवेशन र विधान महाधिवेशनका निर्णयसँग असहमतिका विषयहरूलाई अर्को राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशमा वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा मात्र उठाउन पाइनेछ ।

**धारा–७९ सम्पत्ति विवरण**

केन्द्रीय कमिटी, केन्द्रीय निकाय र पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्री, मन्त्री, सांसद, जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख, महानगर, उप-महानगर र नगरपालिकाका प्रमुख, उप-प्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र पार्टीको सिफारिसमा सार्वजनिक पदमा नियुक्त भएका व्यक्तिले देहायबमोजिमको कर्तव्य पालना गर्नुपर्नेछ :

१. आफू निर्वाचित/मनोनित/नियुक्त भएको मितिले ६० दिनभित्र, पदमा रहँदा हरेक आर्थिक बर्षको ६० दिनभित्र र पदमुक्त

भएको मितिले ६० दिनभित्र केन्द्रीय अनुशासन आयोगसमक्ष तोकिएको ढाँचामा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२. केन्द्रीय अनुशासन आयोगले त्यस्तो सम्पत्ति विवरण अद्यावधिक गर्नेछ, आवश्यकता अनुसार छानवीन गर्नेछ र अस्वभाविक सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिन सक्नेछ ।

**धारा–८० अनुशासन उल्लंघन गरेको मानिने**

देहाय बमोजिमको कुनै अवस्थामा कुनै पार्टी सदस्य वा कुनै कमिटीको पदाधिकारी वा सदस्य वा कमिटीमाथि अनुशासनको कारबाही हुनसक्नेछ :

१. पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा ।

२. पार्टीभित्र गुटबन्दी वा षड्यन्त्र वा विपक्षीलाई सहयोग पुऱ्याउने कार्य वा पार्टीविरुद्ध शत्रुवत् व्यवहार गरेमा ।

३. पार्टी निर्णय उल्लङ्घन गरेमा वा पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेमा ।

४. पार्टीप्रति निष्ठा र विश्वास नरहेको भनी सार्वजनिक अभिव्यक्ति दिएमा वा सो बमोजिम क्रियाकलाप गरेमा वा पार्टीको गोपनीयता भङ्ग गरेमा ।

५. पार्टीद्वारा सञ्चालित आन्दोलनको विरुद्धमा गतिविधि गरेमा वा विरोधीसँग साँठगाँठ गरेमा ।

६. कुनै जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेद्वार बनेमा, पार्टीको उम्मेद्वारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेद्वारका विरुद्धमा उठ्ने अन्य कुनै उम्मेद्वारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेद्वारको पक्षमा कुनै काम गरेमा ।

७. कुनै पनि तहको सरकार वा जनप्रतिनिधि संस्था वा पार्टीले पठाएको सार्वजनिक जिम्मेवारीमा रहँदा पार्टी निर्णय वा निर्देशनविपरीत कार्य गरेमा ।

८. नैतिक पतन देखिने फौजदारी कसुर गरेमा वा भ्रष्ट क्रियाकलाप गरेमा वा अबाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हीतविपरीत काम गरेमा ।

९. धारा- ७९ (१) बमोजिम सम्पत्ति विवरण नदिएमा वा झुट्ठा विवरण पेस गरेको वा स्रोत खुलाउन नचाहेमा ।

१०. पदीय आचरण वा पार्टी हीतविपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा सङ्लग्न भएमा ।

११. छुवाछूत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेमा ।

१२. पार्टीको विधान वा नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा ।

१३. सार्वजनिक नैतिकता तथा सदाचारको उल्लंघन गरेमा वा पार्टीको साखमा प्रतिकूल असर पर्ने कार्य गरेमा ।

**धारा–८१ अनुशासनको कारबाहीसम्बन्धी व्यवस्था**

१. यस अध्याय, विधान, नियमावली, विनियम वा आचारसंहिता वा निर्देशनमा उल्लेख भएको कुनै कुरा उल्लंघन गर्ने कुनै पदाधिकारी वा सदस्यलाई प्रकृति र परिणाम हेरी सम्बन्धित कमिटी/निकायले आलोचना गर्ने वा लिखितरूपमा आत्मालोचना गराउने वा चेतावनी दिने वा पदमा रहेर निश्चित समय काम गर्न रोक लगाउने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पदबाट निष्कासनको कारबाही गर्ने वा अन्य उपयुक्त कारबाही गर्न सक्नेछ । यस्तो कारबाही मनोनयनबाट

नियुक्त भएका पदाधिकारी तथा सदस्यहरुको हकमा मनोननय गर्ने कमिटीले गर्न सक्नेछ । जिल्ला मातहतका कमिटीले पार्टी सदस्यताबाट निस्कासनको सिफारिस गर्न सक्नेछन् तर पार्टी सदस्यताबाट निस्कासनको कारबाही गर्ने अधिकार जिल्ला कमिटी र सो भन्दा माथिल्लो कमिटीलाई हुनेछ ।

२. कुनै पनि व्यक्तिलाई कारबाही गर्नुअघि स्पष्टीकरणको मौका दिनुपर्नेछ ।

३. पार्टी सदस्यताबाट निस्कासनको कारबाही गर्दा माथिल्लो कमिटीको अनुमोदन अनिवार्य हुनेछ । तर केन्द्रीय कमिटीले कारबाही गर्दा अनुमोदन आवश्यक पर्नेछैन ।

४. कुनै पनि कमिटीले आफूलाई तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा माथिल्लो कमिटीले विघटन गर्न सक्नेछ र त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ । मनोनयनबाट नियुक्त भएका कमिटी/निकायले तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा मनोननय गर्ने कमिटीले विघटन गर्न सक्नेछ ।

५. बिना सूचना र बिना उचित कारण लगातार तीन पटकसम्म कमिटी बैठकमा अनुपस्थित रहेमा कमिटी सदस्यता स्वतः समाप्त हुनेछ ।

६. अनुशासनको कारवाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको ६ महिना व्यतित गरिनसकेको पार्टी सदस्यले पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेद्वार हुनपाउने छैन ।

७. पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम् अवधि दुई बर्षसम्म हुनेछ ।

८. पार्टीको चुनाव चिन्हबाट निर्वाचित वा पछि दलको सदस्यता ग्रहण गरेको सङ्घीय संसदको सदस्य वा प्रदेशसभा सदस्य

वा पालिकासभा दलको सदस्यलाई सङ्घीय कानून बमोजिम जनप्रतिनिधिको पदबाट हटाउने अधिकार केन्द्रीय कमिटीलाई र अन्य कारबाही गर्ने अधिकार निज संगठित भएको कमिटी वा केन्द्रीय कमिटीमा निहीत हुनेछ । केन्द्रीय कमिटीबाहेक अन्य कमिटीले गरेको त्यस्तो निर्णय एकतह माथिको कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ ।

**धारा–८२ पुनरावेदनसम्बन्धी व्यवस्था**

कुनै पनि सदस्य वा कमिटीले आफूमाथि भएको कारबाही चित्त नबुझेमा एक तह माथिल्लो कमिटीमा पुनरावेदन गर्न सक्नेछ । केन्द्रीय कमिटीको कारबाही चित्त नबुझेमा वा केन्द्रीय कमिटीले प्रदेश कमिटीले गरेको कारबाही अनुमोदन गरेकोमा चित्त नबुझेमा त्यस्तो व्यक्तिले केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्नेछ । सदस्यताबाट वा पदबाट निश्कासन गर्ने निर्णय भएकोमा जुन कमिटीले निर्णय अनुमोदन गर्ने हो सो भन्दा एक तह माथिल्लो कमिटीमा पुनरावेदन गर्न सकिनेछ । पुनरावेदन सुन्ने कमिटी वा आयोगले सजाय सदर, बदर वा परिवर्तन गर्न सक्नेछ ।

## अध्याय – नौ
## पार्टी कोष र सम्पत्तिको व्यवस्था

**धारा–८३ पार्टीको कोष**

पार्टी कोषको स्रोत देहायबमोजिमको रहनेछ :

१. तोकिएबमोजिमको सदस्यता शुल्क ।
२. तोकिएबमोजिमको लेबी ।
३. विशेष आर्थिक सहयोग ।
४. प्रकाशन बिक्री वितरणबाट प्राप्त आय ।
५. पार्टी सम्पत्तिको परिचालनबाट प्राप्त आय ।
६. विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित आय ।

## धारा–८४ पार्टी कोषको सञ्चालन र व्यवस्थापन

पार्टी कोषको सञ्चालन तथा व्यवस्थापन देहायबमोजिम हुनेछ :

१. केन्द्रीय कमिटी, प्रदेश कमिटी र स्थानीय कमिटीले धारा-८३ बमोजिम आ-आफ्नो कमिटीको निर्णयका आधारमा स्रोत परिचालन, कोष निर्माण र खर्च तथा लेखा व्यवस्थापन गर्नेछन् ।

२. कोषको व्यवस्थापन र संचालन पार्टीको आर्थिक विनियम अनुसार हुनेछ ।

३. सबै तहका पार्टी कमिटीले आर्थिक विनियम अनुसार आफ्नो कमिटीको आय-व्ययको हिसाब राख्नेछन् र बार्षिक रूपमा लेखापरीक्षण गराइ आफ्नो तहको अधिवेशन तथा अधिवेशन प्रतिनिधि परिषद्मा पेश गर्नेछन् ।

## धारा–८५ कार्यकर्ता संरक्षण कोष

केन्द्रीय कमिटीले पार्टी कार्यकर्ताको संरक्षणका लागि विनियम बनाइ कार्यकर्ता संरक्षण कोष स्थापना र संचालन गर्न सक्नेछ ।

## धारा–८६ पार्टीको अचल र जिन्सी सम्पत्ति

पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय कमिटीको स्वामित्व रहनेछ। त्यसको लगत तोकिएबमोजिम राखिनेछ । केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुनेछैन । सम्पत्तिको परिचालन आर्थिक विनियमबमोजिम हुनेछ ।

## धारा–८७ पारिश्रमिक र खर्च व्यवस्था

पार्टी नेता तथा कार्यकर्तालाई काममा खटाउँदा हुने पारिश्रमिक तथा खर्च व्यवस्था तोकिएबमोजिम हुनेछ ।

### धारा–८८ लेखा र लेखापरीक्षण

१. सबै तहका कमिटीमा आय-व्ययको हिसाब केन्द्रीय लेखा आयोगले तोकेबमोजिम राखिनेछ ।

२. केन्द्रीय कमिटी, प्रदेश कमिटी, सम्पर्क समन्वय कमिटी, जिल्ला कमिटी र पार्टीका घोषित जनसङ्गठनहरूको केन्द्रीय तहको लेखापरीक्षण केन्द्रीय लेखा आयोगले गर्नेछ ।

३. आम्दानी तथा खर्च व्यवस्थापन र लेखापरीक्षणसम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

४. केन्द्रीय कमिटीले आफ्नो वा मातहत कमिटीमा आबद्ध सदस्य वा कर्मचारीले अनुशासन उल्लंघन गरेमा त्यस्तो व्यक्तिको हस्ताक्षरबाट संचालित खाता वा मातहत कमिटीको नगद वा जिन्सी सम्पत्ती रोक्का राख्न र त्यसका लागि सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।

५. पालिका वा सोभन्दा माथिल्लो तहका कमिटीले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराउनुपर्नेछ र अधिवेशनमा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

## अध्याय – दश

## विविध

### धारा–८९ विधान संशोधन प्रस्ताव

१. केन्द्रीय कमिटीले विधान संशोधनसम्बन्धी लिखित प्रस्ताव विधान महाधिवेशनसमक्ष प्रस्तुत गर्नेछ ।

२. केन्द्रीय कमिटीले विधान महाधिवेशन शुरु हुनुभन्दा एक महिना अगावै मातहत कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्नेछ ।

३. विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय कमिटी वा सदस्यले लिखित सुझाव तोकिएबमोजिम केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्नुपर्नेछ । यस्तो सुझावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्नेछ ।

**धारा–९० विभागहरू**

१. केन्द्रीय, प्रदेश र स्थानीय तहमा तोकिएबमोजिम विभागहरू रहनेछन् ।
२. विभाग गठन गर्ने सम्बन्धित कमिटीले विभागको प्रमुख, उपप्रमुख, सचिव र सदस्यहरू नियुक्त गर्नेछ ।
३. विभागअन्तर्गत विभिन्न डेस्क वा शाखाहरू गठन गर्न सकिनेछ ।
४. विभागका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

**धारा–९१ जनसङ्गठन समन्वय संयन्त्र**

पार्टीका घोषित जनसङ्गठनहरू पार्टीको वैचारिक तथा नीतिगत मार्गदर्शनमा परिचालित हुनेछन् । उनीहरूलाई पार्टी नीतिअनुरुप परिचालन गर्न समन्वय संयन्त्र निर्माण गरिनेछ । यसको अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा–९२ पार्टी संयन्त्र**

पार्टीका घोषित जनसंगठन बाहेकका सामाजिक तथा सामुदायिक संगठनहरूलाई जनता र राष्ट्रको सेवामा परिचालित गर्न सम्बन्धित पार्टी कमिटीले सम्बन्धित संगठनमा रहेका पार्टी सदस्य वा समर्थकहरूका बीचमा संयन्त्र गठन गर्नेछ ।

## धारा–९३ स्वयंसेवी सङ्गठन

मानवीय समस्या तथा प्राकृतिक कारणले विपतमा परेका जनतालाई उद्दार, राहत र सेवा पुऱ्याउन केन्द्रीय कमिटीले स्वयंसेवी सङ्गठन निर्माण गर्नेछ । यसको नाम, संरचना, सञ्चालन विधि, अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

## धारा–९४ कार्यालय सञ्चालन

१. पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ ।

२. प्रदेश र स्थानीय कमिटीहरूले आ-आफ्नो तहका कार्यालय सञ्चालन गर्न सक्नेछन् ।

## धारा–९५ बरियताक्रम तथा पदेन सदस्यको अधिकार र कर्तव्य

१. सबै तहका कमिटी तथा निकायहरूले आफ्नो कमिटी वा निकायका सदस्यहरूको बरियताक्रम तोक्न सक्नेछन् ।

२. प्रदेश र स्थानीय तहका सल्लाहकार परिषद्का अध्यक्षहरू सम्बन्धित तहको कमिटीको बैठकमा सहभागी हुनेछन् तर निजहरूलाई मताधिकार हुनेछैन ।

३. पदेन सदस्य भनी यस विधानमा उल्लेखित सबै सदस्यहरूलाई आफ्नो कमिटीबाहेक पदेन हैसियतमा सहभागी भएको माथिल्लो कमिटीको बैठकमा मताधिकार हुनेछैन ।

## धारा–९६ दुई तिहाई बहुमत चाहिने

नेपालको संविधानले व्यवस्था गरेबमोजिम संसद्को दुईतिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने विषयमा निर्णय लिँदा केन्द्रीय कमिटीको दुईतिहाई बहुमत आवश्यक हुनेछ ।

**धारा-९७ ज्येष्ठ कम्युनिष्टको सम्मान**

१. सबै तहका कमिटीहरूले एकतह माथिल्लो कमिटीमार्फत् पार्टीमा लामो समय योगदान गरेका र सत्तरी वर्ष उमेर पुरा गरेका ज्येष्ठ कम्युनिष्टहरूलाई सम्मान गर्न केन्द्रीय कमिटीसमक्ष सिफारिश गर्नेछन् ।

२. उपधारा (१) बमोजिम सिफारिश भएका जेष्ठ कम्युनिष्टहरूको योगदानका सम्बन्धमा अध्ययन गरी उपयुक्त ठहरेका व्यक्तिलाई केन्द्रीय कमिटीले परिचय-पत्र प्रदान गर्नेछ ।

३. समारोह आयोजना गरी निजहरूलाई सम्मान गरिनेछ र निजहरूको मर्यादा तोकिएबमोजिम हुनेछ ।

**धारा-९८ कानुनी व्यक्तित्व हुने**

यो पार्टी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । यसले व्यक्तिसरह प्रचलित कानुनले दिएको अधिकारको प्रयोग गर्नेछ ।

**धारा-९९ अनुसन्धान प्रतिष्ठान**

पार्टीले समाज विज्ञानका विभिन्न विधामा अध्ययन-अनुसन्धानका लागि स्वायत्त प्रकृतिको एक अनुसन्धान प्रतिष्ठान स्थापना गर्न सक्नेछ । यसको गठन, क्षेत्राधिकार तथा सञ्चालन विधि तोकिएबमोजिम हुनेछ ।

**धारा-१०० पार्टीका औपचारिक कार्यक्रम**

पार्टीका औपचारिक कार्यक्रममा पार्टीको झण्डा र राष्ट्रिय झण्डाको प्रयोग गरिनेछ । यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

## धारा–१०१ नियमावली, विनियम, निर्देशिका र आचारसंहिता

१. विधानसँग नबाझिने गरी केन्द्रीय कमिटीले नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

२. प्रथम विधान महाधिवेशनबाट यस विधानमा संशोधन हुनुअगाडि लागू भएका नियमावली, विनियम, निर्देशिका र आचारसंहितामा उल्लेखित प्रावधानहरू यस विधानमा नबाझिएको हदसम्म क्रियाशील हुनेछन् ।

## धारा–१०२ बाधा अड्काऊ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काऊ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा-अड्काउ फुकाउनेछ । यसरी बाधा-अड्काउ फुकाएको विषयलाई अनुमोदनका लागि त्यसपछि बस्ने विधान महाधिवेशन वा राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गरिनेछ ।

❖

## अनुसूची – १
## झण्डा

पार्टी झण्डाको लम्बाई-चौडाई ३:२ अनुपातको हुनेछ । झण्डाको भुई रातो हुनेछ र बाँयापट्टिको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको हुनेछ :



## अनुसूची – २
## प्रतीक चिन्ह

पार्टीको प्रतीक चिन्ह रातो किरण र रातो पृष्ठभूमी भएको सूर्यभित्र सुनौलो रङ्गको हँसिया र हथौडा खप्टिएको हुनेछ :



## अनुसूची – ३

# सदस्यले लिने शपथग्रहणको व्यहोरा

म ................................................ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को सदस्य भएको यस अवसरमा प्रतिज्ञा गर्दछु कि म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्दै नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर क्रियाशील र समर्पित रहनेछु। पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु।

नेपाली क्रान्ति – जिन्दावाद !
मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद – जिन्दावाद !
अमर-शहीदहरू – लालसलाम !
नेकपा (एमाले) – जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ...........................................................................................

नाम : ...........................................................................................

ठेगाना : ...........................................................................................

फोन नम्बर : ...........................................................................................

पार्टी सदस्यता नम्बर : ...........................................................................................

मिति : ...........................................................................................

## अनुसूची - ४

# पद वहाली गर्दा लिने शपथग्रहणको व्यहोरा

म ........................................................ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को ................................................ कमिटी/निकाय/विभाग/कार्यदलको ............................पदको जिम्मेवारी लिइरहेको अवसरमा प्रतिज्ञा गर्छु कि म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्नेछु । म आफ्नो पदको जिम्मेवारी बहन गर्दा नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर क्रियाशील र समर्पित रहनेछु । म पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु । पदीय जिम्मेवारीमा रहँदा वा नरहँदा पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु ।

नेपाली क्रान्ति - जिन्दावाद !
मार्क्सवाद - लेनिनवाद र जनताको बहुदलीय जनवाद - जिन्दावाद !
अमर-शहीदहरू - लालसलाम !
नेकपा (एमाले) - जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ..............................................................................

नाम : ..............................................................................

ठेगाना : ..............................................................................

पद : ..............................................................................

फोन नम्बर : ..............................................................................

पार्टी सदस्यता नम्बर : ..............................................................................

मिति : ..............................................................................

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

केन्द्रीय कार्यालय